
साहसिक पत्रकारिता
संघर्ष, स्वाभिमान र स्वावलम्बन
# सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
www.saharatimes.com.np
राष्ट्रिय पाक्षिक
●वर्ष १४, ● पूर्णाङ्क ३०७, ● अंक २३ ●२०८० साल भदौ १-१५ गते (18 Aug, 1 Sept, 2023) ●मूल्य रु. १०

# देउवा-ओली मिलाउन भित्रभित्रै हुँदैछ यस्तो खेल



◆ **सभापति देउवाबाट दबाव बढाउनका लागि नेता शेखर कोइरालाले साउन ३१ गते बालकृष्ण खाँणलाई भेट्न जेल नै पुग्नुभएको थियो। बालकृष्ण खाँण देउवा पक्षका नेता हुनुहुन्छ। बालकृष्णले भनेको कुरा देउवाले मान्नु हुन्छ। त्यही भएर उहाँले जेलमै गएर उहाँलाई भेट्नु भएको छ।**

◆ **काँग्रेसका नेताहरुले एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग आन्तरिक रुपमा संवाद सुरु गरिसक्नु भएको छ। पार्टीका नेता शेखर कोइरालादेखि नेता विमलेन्द्र निधिसम्मले एमालेका अध्यक्ष ओलीसँग आन्तरिक रुपमा छलफल गरिरहनु भएको छ। तर 'हाइलेवल' बाट हरियो सिङ्गनल नआएसम्म कुरा आगाडि नबढेको हो।**

नेपाली काँग्रेसका केन्द्रीय सदस्य बलबहादुर केसीले सरकारको नेतृत्व गर्ने दिन आउँदासम्म माओवादी केन्द्रले काँग्रेसलाई समर्थन गर्छ भनि त्यसको ग्यारेन्टी के ? भनि त्यसको जवाफ पार्टीका सभापति शेरबहादुर देउवासँग माग्नु भएको छ।

काँग्रेसका केन्द्रीय सदस्य प्रकाशमान सिंहले वाम एकताको कुरा चल्दैछ, चारैतिरबाट कम्युनिष्ट एकताका लागि प्रयास भइरहेको छ, फ्याटै माओवादी र एमालेबीच एकता भयो भने काँग्रेस त हेर्‍या हेर्‍यै हुन्छ भनि कुरा देउवा समक्ष राख्नु भएको छ। सवैधानिक अंगदेखि लिएर अन्य ठूला पदमा माओवादीको कोही पनि छैनन् प्रधानमन्त्रीबाट हटेपछि संवैधानिक निकायदेखि अन्य पदहरुमा पार्टीका कोही हुँदैन भनि थाह पाएर एमालेसँग माओवादी केन्द्रले कुनै गेम खेल्यो भने त्यतिबेला काँग्रेसले के गर्छ जस्ता प्रश्न नेताहरु सभापति देउवासँग गरिदैछन्।

यतिखेर सभापति देउवालाई बलबहादुर केसी, प्रकाशनमान सिंहले मात्र होइन, विमलेन्द्र निधि, शेखर कोइराला, गगन थापालगायतका थुप्रै नेताहरुले काँग्रेस र एमाले मिल्नुपर्छ भनि दबाव दिइरहनु भएको छ। माओवादीले एमलासँग मिल्नु भन्दा पहिले काँग्रेस मिल्नुपर्छ नेताहरुको दबाव छ। नत्र चुनाव आउँदासम्म माओवादीले काँग्रेसलाई समाप्त गर्छ भनि काँग्रेसका अधिकाँध नेताहरुको बुझाई रहेको छ।

चुनावपछि काँग्रेसले सरकारको नेतृत्व गर्ने दावी गर्दा माओवादीका अध्यक्ष प्रचण्डलाई मिनेट पनि लागेन, उहाँ बालकोट गएर सरकार निर्माणको सबै खाका तयार गरेर प्रधानमन्त्री बन्नुभयो। फेरि त्यहाँ के कुरा मिलेन अनि काँग्रेससँग मिल्न आइ पुग्नुभयो। यस अवस्थमा प्रचण्डमाथि कसरी विश्वास गर्ने भनि नेताहरुले सभापति देउवालाई प्रश्न गर्न थाल्नु भएको छ।

भ्रष्टाचारलगायत विभिन्न आरोपमा पार्टीका नेताहरुलाई डाम्ने काम माओवादी केन्द्रका अध्यक्ष समेत रहनु भएको प्रधानमन्त्री प्रचण्ड र माओवादीका उपाध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले गरिहरनु भएको गुनासो नेताहरुले गर्नुभएको छ।

**प्रचण्डमाथि देउवाको विश्वास**

तर सभापति देउवा अहिले कसैको कुरा मान्न तयार देखिनु भएको छैन। उहाँले आफूलाई प्रचण्डमाथि पूर्ण विश्वास छ, उहाँले काँग्रेसलाई धोका दिनु हुन्न, भोली गएर यदि केही त्यस्तो भयो भने त्यतिबेला नै केही उपाय निकाल्ने भन्दै नेताहरुलाई कन्भिन्स गर्ने काम गरिरहनु भएको छ। तर अहिले माओवादीको सरकारले जे गरिरहेको छ त्यो ठिक नगरेको बुझाई देउवाको पनि छ।

खास गरि गृह प्रशासनबाट विभिन्न ढंगले बलजफ्ती काम भइरहेको कुरा आफ्ना निकट नेताहरुलाई राख्नु भएको छ। यसरी एमालेसँग मिल्न देउवालाई पार्टी भित्रबाट नै दबाव आएपछि उहाँ साउन २६ गते उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई धुम्बाराहीस्थित आफ्नो निवासमा बोलाएर झपाडेका छन्।

तपाई एउटा मिनिस्टर मात्र हुनुहुन्छो, सिगैं राज्य होइन, आफ्नो पावरलाई यसरी मिसयुज नगर्नुस्, सभापति देउवाले गृहममन्त्री श्रेष्ठलाई भन्नुभयो, 'तपाईले गर्न के खोज्नु भएको हो, त्यही कुरा स्पष्ट छैन, जसलाई पायो त्यसैलाई पक्राउ गर्न लगाउनु भएको छ, अनुसन्धान सुरु भएकै हुँदैन उसको नाम जथाभावी मिडिया आउँछ भोली गएर प्रमाणित भएन भने तपाई के गर्नुहुन्छ, सबैको इज्जत प्रतिष्ठा छ त्यसको पनि ख्याल राख्नुस्।'

अनुसन्धानपछि सबै कुरा स्पष्ट भएपछि कानुनले अधिकार दिए मात्र पक्राउ गर्न सभापति देउवाले गृहमन्त्री श्रेष्ठलाई भन्नुभयो। यो माओवादी केन्द्रको एकल सरकार

बाँकी पृष्ठ ९ मा

यस भित्र


देशका तीन स्तम्भ संघीयता, समावेशी र सुशासन
● लेख, पृष्ठ ४


खुशी यो कारणले छु कि म मधेशको साथमा छु
● अन्तरवार्ता, पृष्ठ ५


नर्सिन पढ्न हिड्नु भएको पार्वता यसरी बन्नुभयो पत्रकार
● मध्यपृष्ठ, पृष्ठ ६


आमा बनिन् गरिमा पन्त
● पृष्ठ ९


को हुन् दीपक साह जो थिए सिके राउतको 'ब्याकअप'
● पृष्ठ १०

अभिमत

# सम्पादकीय

## जीवन जोगाउनका लागि रूख रोपौं

अमेरिकी कृषि विभागले तयार पारेको एक रिपोर्ट अनुसार एउटा रूखले तीन हजार लिटरभन्दा बढी वर्षाको पानी सोस्न सक्छ, जसले भूमिगत पानी र मुहानको दूषिततालाई ७ प्रतिशतले घटाउँछ ।' एउटा रूखले प्रति वर्ष करिब १२० किलोग्राम अक्सिजन उत्पादन गर्छ । एक हेक्टरको रूखले ४० जना मानिसको आवश्यकता बराबरको अक्सिजन उत्पादन गर्छ । त्यस्तै, विभिन्न अध्ययनका अनुसार ग्लोबल वार्मिङलाई १.५ डिग्री सेल्सियसभन्दा कम राख्नका लागि सन् २०२५ सम्ममा उत्सर्जन रोक्न आवश्यक छ र दशकको अन्त्यसम्ममा ४३ प्रतिशतले घटाउनुपर्छ । यो लक्ष्य हासिल गर्ने सबैभन्दा प्रभावकारी तरिका हावा र सौर्य जस्ता दिगो स्रोतहरूबाट ऊर्जा उत्पादन गर्नु हो । उर्जा उत्पादन गर्ने मुख्य स्रोत नै रूख हो भनि प्रमाणित भइसकेको छ । यसले मानव जीवनका लागि रूखको कति महत्व छ भन्ने दर्शाउँछ ।

अहिले विकासका नाममा रूखहरू काट्ने काम मात्र भइरहेका छन् । जुन रूपमा रूख कटान भइरहेका छन्, त्यो अनुपातमा रूख रोप्ने काम भइरहेको छैन । एउटा रूख काटेपछि दुईटा रूख रोपे मात्र त्यसका क्षति पूर्ती हुन्छ । विकास नाममा वन जङ्गल सखाप हुँदैछ, चुरे विनाश हुँदैछ जसको प्रत्यक्ष असर जनताले भोगि रहेका छन् । रूख कटान, चुरे विनाशले तराई मधेश मरूभुमीमा परिणत हुँदैछ । त्यहाँका मान्छेलाई स्वास लिन पनि गाह्रो भइरहेको छ । गर्मी र चिसोले वर्षेनी त्यहाँ मान्छे मर्ने गरेका हुन्छन् ।

त्यहाँ पोखरी, इनार, धारा, कललगायत पानीका अन्य स्रोतहरु सुक्देछन् । पानी नहुँदा किसान मर्कामा छन् नै खानेपानीको समेत हाहाकार भइरहेका छन् । तराई मधेशमा काकाकुलको अवस्था सृजना भएको छ । गर्मीमा बढी गर्मी, चिसोमा बढी चिसो, अनावृष्टिले बाढी, जमिन सुख्खा रहनुको मुख्य कारण नै पर्यावरण हो । पर्यावरण बिग्रेको कारण नै रूख हो । पर्यावरण जोगाउने मुख्य स्रोत नै रूख हो । रूख नभएको कारण पर्यावरणको चक्रिय प्रणाली नै बिग्रेको छ । मानवका लागि रूख नभइ नहुने चिज हो । मानवको वरीपरी रूख बोटविरूवा भएन भने स्वास लिन गाह्रो हुन्छ मात्र होइन बाँच्न नै गाह्रो हुन्छ । अक्सिनका लागि अन्य उपायहरू निकाल्नु पर्ने हुन्छ । कोरोनाको समयमा अक्सिनको मात्रा कम हुने व्यक्तिलाई रूखको छेउछाउ बस्न डाक्टरले सल्लाह दिन्थे वा घरमा अक्सिन राख्न भन्थे । कोरोनाको समयमा अक्सिनको मात्रा काम भएको कारण कतिपयको निधन भएको थियो । रूखहरूले कार्बन डाइअक्साइड सोस्छन्, कार्बन हटाउँछन् र भण्डारण गर्छन्, जबकि, पातहरूद्वारा गरिएको प्रकाश संश्लेषणद्वारा, तिनीहरूले हावामा अक्सिजन छोड्छन्, हामीले सास फेर्ने हावालाई समृद्ध र सफा गर्छ ।

वन जङ्गल भएको ठाउँमा वर्षा भइरहने कारण पनि यही हो । वन जङ्गल भएको ठाउँमा हरियालीको कारण बादल नजिक आएका हुन्छन् । त्यसको वतावरणीय प्रभावले पानी परिरहेका हुन्छन् । जहाँ वन जङ्गल हुँदैन, रूख, बोट विरूवा हुँदैन, त्यहाँ प्राय पानी पर्दैन, मरूभुमीमा पानी नपर्नुको कारण पनि त्यही हो । त्यही भएर अहिलेको अवश्यकता सक्दो रूख रोपौं नै हो । पछिल्लो समय खाडी मुलुकमा त्यहाँका सरकारले पनि रूख रोप्ने अभियान चलाएका छन् । सबभन्दा बढी गर्मी हुने तथा पानी कम पर्ने कतार, अरब जस्ता देशले अभियानकै रूपमा रूख रोप्ने कार्यक्रम सञ्चालन गरेका छन् । तर नेपाल जङ्गलै जङ्गलै भएको देश भएपनि यहाँको अवस्था दिनदिनै बिग्रिदै गइरहेको छ । हरियो वन नेपालको धन भनाइ मात्र बाँकी रहेको छ । अहिले राजनीतिक दलदेखि लिएर विभिन्न संघ, सस्था तथा संगठनले विभिन्न कार्यक्रम गरी अभियानकै रूपमा रूख रोप्ने कार्यक्रम राखेका हुन्छन् । लाखौको सँख्यामा रूख रोपेका हुन्छन् । तर पछि ती रूखहरू कतै देखिएका हुँदैनन् । त्यसको स्यहार सुसारमा ध्यान नदिएको कारण ती रूखहरू हुर्किएका हुँदैनन् र विस्तारै हराउँदै जान्छन् । त्यसैले वतावरण बचाउनका लागि रूख रोपौं पर्यावरण जोगाउ ।

## तथ्यांक आफै बोल्छ

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| शारीरिक अपाङ्गता | २४०६०९ | ३७.१ | १४१४३४ | ४०.३ | ९९१७५ | ३३.५ |
| न्यून दृष्टियुक्त | ११०५२५ | १७.१ | ५३७३० | १५.३ | ५६७९५ | १९.२ |
| पूर्ण दृष्टिविहीन | ३५१४२ | ५.४ | १७८०४ | ५.१ | १७३३८ | ५.८ |
| बहिरोपन | ५१३७३ | ७.९ | २६८७५ | ७.७ | २४४९८ | ८.३ |
| सुस्तश्रवण | ५१५२० | ८.० | २६०९९ | ७.४ | २५४२१ | ८.६ |
| श्रवण दृष्टिविहीन | १०१८७ | १.६ | ५३६८ | १.५ | ४८१९ | १.६ |
| स्वर र बोलाइ | ४१६७६ | ६.४ | २३६७२ | ६.७ | १८००४ | ६.१ |
| मानसिक वा मनोसामाजिक | २८०४५ | ४.३ | १४९७३ | ४.३ | १३०७२ | ४.४ |
| बौद्धिक अपाङ्गता | ११३५८ | १.८ | ५८६९ | १.७ | ५४८९ | १.९ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ४९३७ | ०.८ | २३५७ | ०.७ | २५८० | ०.९ |
| अटिजम् | ४८८६ | ०.८ | २२५८ | ०.६ | २६२८ | ०.९ |
| बहुअपाङ्गता | ५७४८६ | ८.९ | ३०८६२ | ८.८ | २६६२४ | ९.० |
| जम्मा | ६४७७४४ | १०० | ३५१३०१ | १०० | २९६४४३ | १०० |

# पाठक पत्र

saharatimes.com.np@gmail.com


सहारा टाइम्स
सिके राउतको साथ किन छाड्दैछन् नेताहरू ?

(वर्ष १४, अंक २२ मा देवशरण यादवको 'मधेशका लागि हतियार उठाउन बाध्य भएका देवशरण' शीर्षक प्रोफाइलको बारेमा फेसबुकमा आएका प्रतिकृयाहरु)

***अमित विवस***

देवशरण यादव आप और रजकजीको कोई या किसी भी प्रकार का पदीय/संगठनीक जिम्मेवारी नही देंगी । जिससे समाज मे तनिक भी सुधार न हो । हमारी इच्छा है की आप लोग महत्वपूर्ण भूमिका निर्वाह करे ।

***देवीप्रसाद ढकाल***

व्यवस्था परिवर्तनको मोर्चामा खरो उत्रिएको एउटा सिपाही । ५७/०५८ साल तिर पोखराका गल्लीहरुमा वालपेन्टिङ गर्दै हिड्दा साईकलबाट लडेको सम्झना आईरहेछ ।

***उमेशराज मण्डल***

हजुरको संघर्ष देश र देशका सबै नागरिकको लागि अतिनै प्रेरणादायी कार्य हो/सर्हानिय छ, उच्च सफलता प्राप्त होस भनी हार्दिक मंगलमय शुभकामना

***मनोज यादव***

सतीले सरापेको देशमा इमान्दारी पूर्वक देश र मधेशको लागि संघर्ष गर्ने नेता कार्यकर्तालाई जेल जानु या त सहिद हुनु बाहेक अर्को उपाय नै छैन । क.देवशरण यादव ।

***रामरिझन यादव***

जे पाए त्यही बोल्न पाइदैन नेताजी (रामेश्वर राय यादवको अन्तरवार्ता: भाजपा र माओवादी केन्द्र परिवर्तनकारी शक्ति हो, वर्ष १४, अंक २२) । भाजपा दक्षिणपन्थी हो र मायोवादी वामपन्थी । इरघाट र वीरघाट । प्रचण्ड कमरेडले भन्दैमा वा गेरूवा वस्त्र लगाउदैमा भाजपा परिवर्तनकारी हुन्छ ? परिवर्तन भनेको के हो ? भन्ने कुरा बुझ्नु पर्‍यो ।

### सिके राउतलाई चाहिँदैन पुराना नेता

सिके राउत बिल्कुल रुपान्तरण हुँदैछन् । पार्टीदेखि पार्टीका नेताहरु सम्ममा परिवर्तन देखिएको छ । संगठनको नाम, झण्डा, विचार, मिसन मात्र परिवर्तन गरेको छैन, त्यसका नेताहरु पनि परिवर्तन हुँदैछ । जति पनि पुरानाहरु थिए, ती सबैले विस्तारै पार्टी छाड्दैछन् र त्यो ठाउँमा नयाँ नयाँ नेताहरु आउँदैछन् । यो पनि एक खालको रुपमान्तरण नै हो । जसले विगतमा सिके राउतसँग मधेशका लागि विद्रोह गरेका थिए, अलग मधेश बनाएर आफ्नै शासन आफ्नै प्रशासनको सपना देखेका थिए ती अब विस्तारै साथ छाड्दैछन् । जो संसदीय राजनीतिमा विश्वास गर्छन्, परम्परागत राजनीतिमा विश्वास गर्छन्, उनीहरु सिके राउतसँग जोडिद ती अब विस्तारै साथ छाड्दैछन् । जो संसदीय राजनीतिमा विश्वास गर्छन्, परम्परागत राजनीतिमा विश्वास गर्छन्, उनीहरु सिके राउतसँग जोडिदैछन् । सिके राउतलाई पुराना नेताहरूमाथि विश्वास पनि छैन । सिके राउतले सकभर पुराना नेताहरु आफूसँग नरहोस् भनि चाहन्छन् । ती पुराना साथीहरु साथमा रहयो भने पुराना कुराहरुको पोल खोलिन सक्छन् भन्ने डर पुराना नेताहरुलाई उनले पन्छाई रहेका छन् । अब सिके राउतलाई चाहिदैन ती पुराना नेताहरु ।

*रामनिवास महतो*
*सिरहा, गोलबजार नगरपालिका-९*

# फेसबुक

## रेशम चौधरीका लागि जसले सबै त्यागे



**सन्तोष मेहता**

१. नागरिक उन्मुक्ति पार्टीले लाल आयोग प्रतिवेदन सार्वजनिक नगरुञ्जेल सरकारमा जान्न, कुनै पनि सरकारमा जान्न भनेको भए सायद सर्वोच्चको फैसला पूर्व नै उक्त प्रतिवेदन सार्वजनिक हुन्थ्यो होला ! संयोगले त्यस प्रकारको प्रदेश र संघमा उन्मुक्तिको संसदीय संख्या पनि थियो । उन्मुक्ति पार्टीको ठूलो चुक भयो । अवसर र आग्रह भएपनि महन्थ-राजेन्द्रहरु नेतृत्व गरिरहेका दलले सधै यही भनेर त सरकारमा कहिल्यै गएनन् ।

२.आफ्ना पार्टीका केन्द्रिय सचीव माननीय रेशम चौधरी बारे कैलाली जिल्ला अदालतले जन्मकैदको फैसला गर्ने बित्तिकै तत्कालिन राष्ट्रिय जनता पार्टीले २४ घण्टा पनि लगाएन सरकारको समर्थन फिर्ता लियो । जबकी त्यस बखत त्यो फिर्ताले सरकारलाई कुनै असर नै पर्नेवाला थिएन किनभने त्यो सरकार बहुमत मात्र होइन दुई तिहाइको बहुमत थियो । सदनमा जहिल्यै बोले रेशमकै बारेमा बोले, जहिल्यै लेखे रेशमकै बारेमा लेखे, सरकार बनाउने भत्काउने हरेक अवसरको प्रयोगको केन्द्र बिन्दु रेशम नै थियो ।

३."गल्तीको माफी पाउ भनि याचनाको लिखित निवेदन दिएर' जेल बाहिर निकाल्ने हो भने थरुहट आन्दोलनको अपराधीकरण हुन्छ, रेशम चौधरी लगायतको राजनीति पनि हत्या हुन्छ भनेर यस्तो बाटो बेठीक हुनेछ सोचेर तथा स्वंम रेशमकै सल्लाह बमोजिम पनि महन्थ-राजेन्द्र नेतृत्वले राजनैतिक आन्दोलन हुँदा दुर्भाग्यपूर्ण टिकापुर दुर्घटनालाई राजनीतिकरण गर्न अनेक गर्नु भयो तर माफिनामाको बाटो अपनाइएन ।

४.हुन त हरेक राजनीतक परिवर्तनको आन्दोलन पश्चात् राज्यले स्वंय निर्णय गरेर बहुदल आएपछि रामराजाप्रसादहरुलाई माफी दिए जस्तै गरी माफी दिन सक्छन् । टिकापुर बन्दीहरुको हकमा पनि राज्यले आफै त्यस्तै गर्नुपर्थो वा गराउन सक्नुपर्थ्यो तर राज्य र उन्मुक्ति पार्टी स्वंय सहभागी भएको सरकार माफिनामा निवेदन दिलाएर चुक्यो, टिकापुरलाइ फसायो ।

५.आफ्ना सन्तानलाई पढाएर बढाएर हुर्काएको वृद्ध आमा बुवा त्यही सन्तान विदेशबाट फर्केपछि छुट्टै घरजम गरेर बसे पनि मिठाइ लिएर म कहाँ पनि आउला भनेर समान्य आशलिदो अनुहार झै मधेस-थरुहट आन्दोलनका पितामह महन्त ठाकुर-राजेन्द्र महतोहरु रेशम रिहाई पछि आशातित होलान् भनेर तीन महिना बितिसक्दा म स्वंय अन्ततः रेशम दाइलाई भेटेर भन्नु पर्यो । खैर जब कि यो त समान्य कटसी न थियो, यसले अधुरो रहेको मधेस-थरुहट आन्दोलनलाई पूरा गर्ने प्रेरणा नै दिन्थ्यो होला ।

६.वरिष्ठ अधिवक्ता समेत रहनु भएका आदरणीय नेता लक्ष्मणलाल कर्णले भन्नुहुन्थ्यो कि "नेतामाथी लागेका/लगाइएका हरेक मुद्दा राजनीतिक हुन्छ कि त राजनीतिक कारणले मुद्दा लगाइन्छ कि त मुद्दा लागेपछि त्यस उपर राजनीति हुन्छ ।' बञ्चित समूह/समुदायलाई सिध्याउने हतियारको रुपमा संसारमा जहाँ पनि कानुनी दाउपेचको रुपमा कानुनी हतियारको प्रयोग हुने गरेको छ । न जितुञ्जेल हराउन सिध्याउन यस्तै हुने नै हो । कामना गर्छु छापामा समाचार आए झै को कुनै पनि परिणाम रेशम चौधरीहरुको बारेमा नआओस, सरकारमा नहुँदाका बुझाएको पनि यी तत्कालीन राजपाका बुढाहरुले जति सके आर्थिक-राजनीतक सहयोग गरे बाँकी बन्दिहरुले पनि चार पाँच मन्त्री रहेको रेशम जीहरुबाट पाउन । सबैको कुरा काम ठिकठाक अगाडि बढोस्, मिसन ८४ सफल होस् ।

७.तर कामना गरे झै सबै ठिकठाक अगाडि बढ्ने सजिलो परिस्थिति भने छैन किनभने टिकापुर फैसलाको पूर्ण पाठको व्याख्याले, गौर घटनाको मुद्दा अगाडि बढ्ने निर्णयले भइसकेका जेपि गुप्तालगायतका काण्डले र सम्भावित विखण्डनकारी मुद्दा लगायत अनेक प्रपञ्चले पुन: सबै एक हुनुको विकल्प नरहेको बताउछ । आन्दोलन पूर्ण नहुने हो भने आन्दोलनले कल्पना गरेको परिणाम नदिने हो भने युद्ध हारेका सिपाहीसँग दुश्मन देशमा हुने व्यहवार झै हुनु स्वभाविक हो । बाँकी मसिहाहरुले स्वंय सोच्नु, चेतनु ।

# चित्रलेखाको दरवारमा चिनियाँ क्याम्प

पूर्व पश्चिम महेन्द्र राजमार्ग चिनियाँ कम्पनीले विस्तार गरिरहेको छ । चीनको एक कम्पनीले सिरहाको कमला नदीदेखि सप्तरीको कञ्चनपुरसम्म सो रागमार्गलाई विस्तार गर्ने ठेक्का पाएको छ । लगभग ९५ देखि १०० किलोमिटरको त्यो सडक विस्तार गर्नका लागि चिनियाँ कम्पनी तीन वर्षका लागि ठेक्का लिएको थियो तर तोकिएको सीमाभन्दा बढी समय गइसकेको छ तर अझै काम सम्पन्न हुने छाँटकाट देखिएको छैन ।

सिरहाको लहानस्थित पुरै दरवार होटल भाडामा लिएर चाइनिजहरुले त्यहाँ काम गरिरहेका छन् तर जुन गतिमा काम गरिरहेका छन् सायद तीन चार वर्ष अझै लाग्ने स्थानीयहरु बताउँछन् । जनता समाजवादी पार्टी निकट लहानका एक नेताले भन्नुभयो, 'चिनियाँहरुको काम हेर्दा उनीहरुको सोच मधेशीमै बस्ने जस्तो देखिएको छ, यो गतिले त कहिले काम नसकिएला जस्तो देखिन्छ ।'

यही सडक निर्माणको नाममा चाइनिजहरुले मधेशमा आफ्नो सम्बन्ध बनाउने प्रयासमा छन् । चाइनिजहरुले लहानमा दुईटा क्याम्प बनाएका छन् । दुई क्याम्पमा चाइनिजहरु भरिभराउ छन् । हेर्दा सबैजना सोही सकड निर्माणका लागि आएको होइन, लहानका एक व्यपारीले भने, 'दिनभर क्याम्पमै बसेका हुन्छन् निस्कियो भने गाडीमा मात्र निस्किन्छन् कहाँ जान्छन् थाह हुँदैन ।' लहानमा रहेको त्यो दरवार होटल नेपाली काँग्रेसका नेतृ चित्रलेखा यादवको हो । त्यो दरवार होटल उहँले चाइनिजहरुलाई भाडामा दिनुभएको छ । साढे आठ कठ्ठामा बनेको सो दरवार होटलमा जम्मा २२ वटा रुमहरु छन् । त्यसमध्ये १५ वटा स्वीटस रुम छन् भने एउटा ठूलो हल छ भने ४-५ वटा साना साना हलहरु पनि छन् । एउटा जीम हल पनि छ ।

सो होटल सुरुमा लहानका रोशन गुप्ता, विरेन्द्र साह र चित्रलेखा यादवले खोल्नुभएको थियो । जमिन चित्रलेखा यादवको हो भने त्यसमा भवन निर्माणको काम संयुक्त रुपमा भएको थियो । तीन जनाको सेयरमा त्यो होटल केही दिन निकै राम्रो चल्यो । राम्रो फाइदा पनि भए । २०७४ मा रोशन गुप्ता लहान नगरपालिकाको वडामा जितेपछि समय अभावको कारण देखाउँदै होटलबाट आफनो सेयर झिक्नुभएको थियो ।

त्यसपछि सो होटल दुईजनाले मात्र चलाउनु भएको थियो । केही समयपछि विरेन्द्र साहका छोरा त्यही होटेलमा रेफकेसमा फँसेपछि विरेन्द्र साहले पनि आफ्नो सेयर झिक्नुभयो । त्यसपछि चित्रलेखा यादव एक्लै हुनुभयो । केही दिन उहाँले एक्लै पनि चलाउनुभयो । एक्लै भएको कारण त्यसको व्यवस्थापनमा समस्या भइरहेको थियो । त्यतिकैमा चाइनिजहरु कहाँबाट त्यो होटलको बारेमा थाह पाए चित्रलेखा यादवलाई भेटेर पुरै होटल नै भाडामा लिए ।

चाइनिजहरुले त्यो होटलको वार्षिक ६ लाख रुपियाँ तिरिरहेको छ । होटलको मर्मत सम्भार, रंग रोगन, विजुली पानी सबै चाइनिजहरुले नै व्यहोरिरहेका छन् । त्यति मात्र होइन, लहान बलानमा रहेको सात विघाको खेल मैदान पनि उनीहरु कब्जामा लिएका छन् । त्यहाँ पनि दुईटा भवन बनाएका छन् । स्रोतका अनुसार त्यो भवनमा २०-२५ वटा कोठा रहेका छन् । त्यहाँ नेपाली र चिनियाँ कामदारहरु मिलेर बसेका छन् ।

सो जमिन जिल्ला खेलकुद विकास समिति सिरहको नाममा रहेको छ । र, त्यो खेलकुद मैदानमा रहनका लागि चाइनिजहरुले राष्ट्रिय खेलकुद परिषद् तत्कालिन सदस्य सचिव रमेश सिलवालसँग सम्झौता गरेर बसेका छन् । सम्झौताअनुसार खेलकुद मैदानमा चारैतिर पर्खाल लगाई दिने, कभड हल बनाई दिने, रंगरोगन गरिदिने, पार्केटिङ गरिदिने, जानेबेलामा त्यहाँ बनाइएको भवनहरु समितिको नाममा छाडेर जाने र क्रिकेट र फुटबल खेलकुद मैदान बनाई दिने रहेको छ । यी सम्झौतामध्ये अहिलेसम्म कभड हल बनाएर रंगरोगन गरि दिएको छ । सम्झौता अनुसार अन्य कुनै काम

बाँकी पृष्ठ ८ मा

# बालुवाटार र धुम्बाराहीको छलफलपछि गच्छदार कहाँ गायब ?

ललिता निवासको जग्गा हिनामिना प्रकरणमा काँग्रेसका केन्द्रीय सदस्य एर्व पूर्व मन्त्री विजय गच्छदारविरुद्ध साउन २२ गते पक्राउ पुर्जी जारी भएको थियो । पक्राउ पूर्जी जारी भएकै दिन नेता गच्छदार विराटनगर हुँदै काठमाडौं आउनु भएको थियो । काठमाडौंको एयरपोर्टमा ओर्लिनु भएका नेता गच्छदार त्यहाँबाट सिधै धुम्बराहीस्थित काँग्रेसका सभापति शेरबहादुर देउवाका निवास पुग्नुभएको थियो ।

त्यहाँ पुगेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको बारेमा गुनासो गर्नुभएको थियो । काँग्रेसको सहयोगमा बनेको यो सरकारले के गरिरहेको छ, पार्टीले यसको विषयमा बोल्ने कि नबोल्ने भनि उहाँले गुनासो गर्नुभएको थियो । पार्टी यसरी चुपचाप बस्ने हो भने काँग्रेस पार्टी समाप्त हुने नेता गच्छदारको चिन्ता थियो ।

त्यसपछि सभापति देउवाले प्रधानमन्त्री प्रचण्डले के गरिरहनु भएको छ केही थाह हुँदैन, अहिले भइरहेका विभिन्न कारवाहीको बारेमा प्रधानमन्त्रीलाई सोध्दा आफूलाई कुनै जानकारी नरहेको भनि टार्दै आउनु भएको कुरा राख्नुभएको थियो । उहाँले चिन्ता नगर्नु आफूले यस विषयमा प्रधानमन्त्री प्रचण्डा र गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग कुरा गर्ने भनि आश्वास्त पार्नुभएको थियो । पक्राउ पूर्जी काटेको छ, प्रहरीमा उपस्थित हुने कि नहुने भनि जिज्ञासा राख्दा सभापति देउवाले केही समय पर्खनु भनि जवाफ दिएको धुम्बाराही स्रोतले जनाएको छ । नेता गच्छदार धुम्बाराहीबाट निस्केपछि सभापति देउवा सिधै प्रधानमन्त्री प्रचण्डलाई भेट्न बालुवाटार पुग्नुभएको थियो । आफ्ना सहयोगी समेत नलिइकन बालुवाटार पुगेर प्रचण्ड समक्ष उहाँले गुनासो गर्नुभएको थियो । बालुवाटार स्रोतका अनुसार सभापति देउवाले यसरी त हाम्रो पार्टी सिधिन्छ यार यो के गर्नुभएको भनि सोध्नु भएको थियो ।

त्यसको जवाफमा प्रधानमन्त्री प्रचण्डले भन्नुभएको थियो, 'के भएको छ मलाई म पनि थाह भएन के भएको छ म पनि बुझ्छु है ।' त्यही दिन सभापति देउवाले गृहमन्त्री श्रेष्ठसँग पनि भेट्न खोज्नु भएको थियो तर त्यो सम्भव भएन । त्यसपछि देउवाले साउन २६ गते आफ्नै निवासमा बोलाएर गृह प्रशासनले यो के गरिरहेको छ भनि सोधपुछ गर्नुभएको थियो । गच्छदारको नाममा पक्राउ पूर्जी काटिएको छ, प्रहरीको खोजीको

बाँकी पृष्ठ ८ मा

# महन्थ ठाकुरले दिनुभएको करौडो रुपियाँ बिचैबाट गायब

काठमाडौंको बबरमहलस्थित नेपाल मधेशी निजामती कर्मचारी मञ्चको भवनमा रहेको लोकतान्त्रिक समाजवादी पार्टीको कार्यालय सर्ने तयारी भइरहेको छ । विगत ६ वर्षदेखि त्यो भवनमा लोसपा (त्यसअघि राजपा) बस्दै आएको छ तर मञ्चका अध्यक्ष भुवनेश्वर चौधरीले कार्यालय सार्न पटक पटक ताकेता गर्दा त्यहाँबाट सर्ने तयारी भइरहेको सो पार्टीका नेताहरु बताउनुहुन्छ । तर लोसपाका अध्यक्ष महन्थ ठाकुरले मञ्चलाई दिएको एक करोड ७० लाख रुपियाँ खोइ त भनि त्यसको हिसाब किताब पनि खोजी भइरहेको छ ।

स्रोतका अनुसार मञ्चका अध्यक्ष चौधरीले लोसपाका अध्यक्ष ठाकुरलाई भेटेर या त भवनमा बसेको भाडा तिर्नुस् नभए खाली गर्नुस् भनि आग्रह गर्नुभएको छ । त्यसको जवाफमा अध्यक्ष ठाकुरले आफूले मञ्चलाई पटक पटक गरी एक करोड ७० लाख रुपियाँ भन्दा बढी रकम दिइसकेको र त्यसको हिसाब अझै आफूले नपाएको जवाफ अध्यक्ष चौधरीलाई दिनुभएको स्रोतले जनाएको छ । त्यसपछि मञ्चका अध्यक्ष चौधरीले तपाईले दिनुभएको रकम मञ्चलाई प्राप्त भएको छैन, मञ्चलाई थाह पनि छैन भनि अध्यक्ष ठाकुरलाई भन्नुभएको थियो । मञ्चको भवन कर्मचारीबाट चन्दा उठाएर बनाएको हो । लोसपाले दिएको भनिएको एक पैसा पनि भवन निर्माणमा खर्च भएको अध्यक्ष भुवनेश्वर चौधरीको भनाई रहेको लोसपाका एक जना कार्यकारीणी समितिका सदस्यको बताउनुभयो ।

लोसपाका अध्यक्ष ठाकुरले कसलाई कति रकम दिनु भयो मलाई थाह छैन, यदि मञ्चलाई रकम दिएको भए त्यसको हिसाब किताब हुन्थ्यो, बैंकको खातामा हुन्थ्यो त्यो रकमको हिसाब किताब कतै नदेखिएको गुनासो पार्टी कार्यालयमा गर्दै सुनिएको ती नेताले सहारा टाइम्सलाई बताउनुभयो । यस विषयमा सहारा टाइम्सले मञ्चका अध्यक्ष भुवनेश्वर चौधरीसँग सम्पर्क गर्दा लोसपालाई भवन खाली गर्न भनेको स्विकार गर्नुभयो । उहाँले भन्नुभयो, 'मैले अध्यक्षजीलाई भेटेर भवन खालीका लागि आग्रह गरेको हुँ उहाँले कार्यालयका लागि भवन खोज्दै गरेको भन्नुभएको छ हेरौं कहिले सर्नुहुन्छ तर रकमको बारेमा मसँग कुनै कुरा भएको छैन ।' मञ्चले लोसपासँग भाडा माग्न मिल्दैन, केही समयका लागि बस्न दिएको मात्र थियो, अब कार्यालयको व्यवस्था गर्नुपर्ने हुन्छ त्यही कुरा आफूले अध्यक्ष ठाकुरलाई भनेको उहाँले बताउनुभयो ।

लोसपाका अध्यक्ष ठाकुरले मञ्चका तत्कालिन अध्यक्ष विनोद सिंहलाई एक करोड ७० लाख रुपियाँ दिएको भनिन्छ नि भन्ने जिज्ञासामा त्यो रकमको बारेमा उहाँ (विनोद)लाई नै थाह होला मञ्चमा त्यसको बारेमा कुनै जानकारी नआएका प्रतिकृया दिनुभयो । विनोदजीमार्फत रकम आएको भए मञ्चमा त्यसको हिसाब देखिन्थ्यो नि तर हामीले त्यसको हिसाब कतै फेला पारेका छैनौं, उहाँले भन्नुभयो, 'लोसपाका अध्यक्षजीले त्यो पैसा किन दिनुभयो त्यो पनि थाह छैन ।' तर मञ्चका तत्कालिन अध्यक्ष विनोद सिंहले आफू लोसपाबाट एक पैसा पनि नलिएको दावी गर्नुभयो । लोसपाका नेता समेत रहनु भएका उहाँले भन्नुभयो, 'लोसपाका अध्यक्षजीले मलाई कुनै रकम दिनुभएको छैन, हामीले रकम मागेको पनि छैन ।' तत्कालिन राजपालाई केही समयका लागि बस्न दिएको उपयुक्त समयमा सर्नुहुन्छ होला तर त्यसबापत आफूले वा मञ्चले कुनै रकम नलिएको

बाँकी पृष्ठ ८ मा

## फरकमत

# माओवादीको हयाङओभरले गौर घटना



**अनिलकुमार कर्ण**

परम्परागत शासकइतर समुदायका व्यक्ति नेपाली राजनीतिमा शक्ति र प्रभावधारक बन्नै हुँदैन भन्ने एउटा मुढाग्रह सधैँ देखिको छ । जबजब सत्ता राजनीतिको करिडोरमा मधेशका कुनै नेताले निर्णायक उपस्थिति जनाउँछ, तिनलाई नानाथरीका प्रपञ्च गरेर तेजोबद्ध गर्ने प्रयत्न सुरु हुन्छ । दुर्भाग्य, देखिने अस्त्रचाहीं अर्का मधेशी नै बन्न पुग्छन् । गौर घटनाको आवरणमा अहिले भइरहेका कचिङ्गल पनि मधेसी नेतृत्वको सौर्यलाई भुत्ते बनाउने शृंखला विस्तार हो ।

म कुनै पनि निहुँमा हत्या र हिंसाको वकालत गर्दिनँ, गर्नु पनि हुँदैन । तर, गौर घटनालाई वस्तुपरक र पक्षपातविहीन ढङगले बुझ्नु आवश्यक छ । अनि मात्र टिकाटिप्पणी वास्तविक हुनसक्छ । पहिलो कुरा, पहिलो मधेश आन्दोलन वा माघेविद्रोह अगाडि नेपालगञ्जमा भएको दुई समुदाय बीचको हिंसात्मक भिडन्त र त्यसमा प्रशासन प्रहरीले गरेको एउटा खास समुदायप्रतिको पक्षपोषण र अर्का समुदायलाई भित्तोमा टाँस्ने दुस्कार्य सम्झनुपर्छ । यथार्थ हो, प्रहरीको आडमा र अझै प्रहरीकै संलग्नतामा नेपालगञ्जमा त्यतिबेला मधेशी समुदायका व्यक्तिलाई निर्घात कुटपिट र तिनका घरपसलमा आगजनी आदि गराइएको थियो । एक व्यक्तिले सहादत पनि प्राप्त गरे । अर्थात् मधेशीलाई हेर्ने प्रहरी प्रशासनको दृष्टि वैरभावपूर्ण थियो । अब माघेविद्रोहको कुरा गरौं, तत्कालीन माओवादी विद्रोहीको सनक र अहंकारका कारण लाहनमा रमेश महतो सहिद भए । अपमानजनक ढङ्गले उनको पार्थिव शरीर बन्धक बनाइयो । र, मधेश आन्दोलन चुलियो । यस घटनाक्रमबाट आन्दोलन तुहाउन खोजेका माओवादी नेताहरूमा हीनताबोध स्वाभाविक थियो । उनीहरूले आन्दोलनको नेतृत्व गरेको र नेपालको राजनीतिक क्षितिजमा एउटा दर्बिलो शक्ति भएर उदाएको तत्कालीन मधेशी जनअधिकार फोरमसँग प्रतिशोध साध्ने तयारी गरिरहेकै थियो ।

तत्कालीन मधेशी जनअधिकार फोरमले गौरको राइसमिलमा आमसभा गर्ने घोषणा गर्यो । आमसभामा अध्यक्ष उपेन्द्र यादवसहित पार्टीका वरिष्ठ नेताहरू आमन्त्रित थिए । मधेश आन्दोलनपछिको यो आमसभामा सहभागी हुनेहरू हर्षित र उत्साहित थिए । आन्दोलनका नायक उपेन्द्रजीलाई हेर्न र सुन्न लालायित थिए । गाउँगाउँबाट हजारौँको सँख्यामा मानिस भेला जम्मा हुने तयारी भइरहेको थियो । आमसभामा आउने व्यक्तिसँग हतियार भनेकै झन्डा फहराउने बाँसका भाटा थिए ।

यता सोही ठाउँमा त्यसै दिन आमसभा गर्ने घोषणा तत्कालीन माओवादी नेता प्रभु साहले गरे । प्रभु साहको व्यक्तिगत स्वाभाव बारे म परिचित छु । माओवादी द्वन्द्वका बेला युद्धविरामको अवधिमा जनकपुरधामस्थित होटल क्रिश्यालमा एउटा पत्रकार सम्मेलनमा मैले अलिक चोटिला प्रश्न गर्दा उनी रनक्क रिसाएका थिए । नाकमै रिस । उसो त प्रायः माओवादी नेतामा क्रान्तिको आवेग र उत्तेजना त्यतिबेला शिखरमै थियो । फोरमले गर्ने आमसभा बिथोल्नेगरी माओवादीले आमसभा गर्ने घोषणा गरेपछि मधेश विद्रोहबाट ऊर्जा प्राप्त गरेका मधेशीहरूले सम्भावित खतराको आँकलन गरे । र, माओवादीले सभास्थलमा आक्रमण गरेमा प्रतिकार गर्ने तयारी पनि उनीहरूले थाले । तर, त्यो प्रतिकार भाटा प्रहारकै तहमा थियो ।

यता प्रभुजीले आमसभाका दिन अघिबाटै निकै भड्काउ अभिव्यक्ति दिन थालेका थिए । सरकार तथा स्थानीय प्रशासनले परिस्थितिको संवेदनशीलता र अवश्यम्भावी दुर्घटनाबारे सटिक विश्लेषण गर्न सकेन वा गर्न चाहेन । अर्थात् प्रशासनको भूमिका हस्तक्षेपकारी बन्न सकेन । सम्भावित भिडन्तलाई रोक्न प्रशासनको गृहकार्य फितलो देखियो । माओवादी द्वन्द्वकालझैँ सामानान्तर सत्ताको अभ्यास गर्ने हयाङ्गओभरबाट निस्केको थिएन ।

सभास्थलभन्दा अलिक पर क्याम्प गरिरहेका प्रभुजीले क्यान्टोनमेन्टबाट ल्याइएका सशस्त्र माओवादी लडाकुलाई मञ्च तयारी आदि गर्न गौरको सभास्थलमा पठाए । जहाँ विवाद बढ्दै जाँदा द्विपक्षीय भिडन्त आरम्भ भएको थियो । परिणाम सबैलाई थाहा छ ।

त्यसैले गौर घटनालाई नरसंहार भन्नु भनेको सही नरसंहारको विभत्सतालाई फिक्का बनाउनु हो । यो एउटा आक्रमणविरुद्धको प्रतिरक्षा अझ् बढी मानवीय बन्दा प्रत्याक्रमण थियो । जसको कारण फोरमले गर्ने आमसभास्थलमै आमसभा गर्ने माओवादीको केट्यौली निर्णय थियो ।

आमसभा स्थलमा उपेन्द्रजी थिएनन् । प्रभु साह पनि आफ्ना लडाकुलाई जोगाउन त्यहाँ पुग्न सकेनन् । माओवादी सभास्थलमा कमजोर देखिए र तितरबितर हुँदा विभिन्न ठाउँमा मारिए । यदि माओवादी त्यस दिन सभास्थलमा बलियोबाङ्गो भएको भए साँच्चिकै नरसंहार हुन्थ्यो । गौर घटनामा मारिएका व्यक्ति दोषी थिए भन्न खोजेको होइन । उनीहरू अबोध थिए । माओवादी मूलधारमा आइसकेपछि पनि अवश्यम्भावी हिँसात्मक घटनामा बलात् संलग्न गराउन पठाइएका आज्ञाकारीहरू थिए । फरक भूगोल र पृथक भाषासँगै छुट्टै मनोविज्ञान भएकाहरू ।

आज आएर गौर घटनाका नाममा जसरी उपेन्द्र यादवलाई सिद्धयाउने खेल भइरहेको छ यसले माओवादीलाई पनि डाम्न बेर लगाउँदैन । र, उपेन्द्रजीसँग व्यक्तिगत पूर्वाग्रह र रीसराग राख्नेहरूले पनि तथ्यहीन तथा घृणास्पद अभिव्यक्ति राख्नबाट बच्नुपर्छ । सोच्नुस्, तपाईंको चुप्पी वा नकारात्मक धारणाले अर्को खाल्डो खनिनेछ । त्यो तपाईंका लागि हुनेछ ।

*(लेखक अनिलकुमार कर्ण सञ्चारकर्मी हुनुहुन्छ)*

○ लेख



■रसना यादव

# देशका तीन स्तम्भ संघीयता, समावेशी र सुशासन

सुशासनलाई सुव्यवस्थित गरिनु अति आवश्यक छ । यसमा तीन नीतिलाई जोडेर विश्लेषण गर्न सकिन्छ । ती हुन्, संघीयता, समावेशीता र सुशासन संघीयता । संघीयता, समावेशीता र सुशासन जन नीतिहरु एक अर्काको परिपुरक हुन् । देशका यी तीनै स्तम्भ देशको जनहितका लागि हुनुपर्ने सबैको एक मत छ । २०७८ को जनगणनानुसार नेपालमा १४२ जातजाति र १२९ भाषाभाषी छन् । हाम्रा भौगोलिक संरचना तराई पहाड हिमाल सबैलाई समेटी जातजाति/भाषाभाषी, संस्कृतिलाई समान गर्दै पहिचान सहितको संघीयता/समावेशीता र सम्पुर्णमा सुशासनको वातावरण दिनु राज्यको सर्वोतम कर्तव्य/कार्य हो ।

**संघीयता**

संघीयतासँगै सुशासन जोडिएको छ । सिंहदरबारको अधिकार वडा/ टोलसम्म पुगेको छ । यो व्यवस्थामा जुनसुकै समय, जुनसुकै परिस्थितिमा जनहितको अभिप्रायले गर्न चाहेको काम हुनसक्छ । जनताले पनि कम समय, कम लागत र कम दुरी पार गरि आफ्नो काम गराउन सक्छन् । एक मेयरले आफ्नो काम, कर्तव्य र अधिकार असल जनहितको सोच राखि काम गरे भने त्यहाँको क्षेत्र आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक, व्यापारीक र स्थानीय स्रोत साधनलाई पहिचान गरि नीतिगत काम गरि दिए भने सबैले त्यसबाट लाभ लिनसक्छन् । जनताको कामलाई समयमै सरल ढंगले गरि दिए भने त्यस क्षेत्रको जनताका लागि स्वर्गमय अवस्थाको अनुभूती दिलाउन सकिन्छ । स्थानीय तहमा सिंहदरवार पुगेको दुई कार्यकाल भएका छन् तर जनताले त्यसखालको अनुभूती गर्न पाएका छैनन् ।

संघीयताको अनुभुती र त्यसको कार्यान्वयन स्थानीय तहबाट मात्र सम्भव हुन्छ । देशको मुख्यालयका लागि संघीयता त्यति महत्व राख्दैन, जति महत्व सप्तरीको एउटा कदमाहा गाउँले राख्छन्, नवलपरासीको सुनवल र झापाको महेशपुरले राख्छ, त्यति काठमाडौँले महत्व राख्दैन । संघीयता भनेकै सिंहदरवारको अधिकार जनताको घरघर पुग्नु हो, उसको चाहेको अधिकार र पहिचानको अनुभूती गर्नु हो । फेरि, केन्द्रलाई बिकेन्द्रीकरण गरेर पनि संघीयताले पूर्णता पाउने छैन । बिकेन्द्रीकरण गरे पनि त्यसले आफ्नो अधिकार र पहिचानको प्रत्याभूती गर्न पाउनुपर्छ ।

**समावेशीता**

सुशासन त्यहाँ हुन्छ, जहाँ व्यवहारिकता र नीतिगत रुपमा समानता र एकरुपता हुन्छ । समावेशीको प्रयोग टाठाबाठाले नै गरेको देखिन्छन् । जो टाठाबाठा छन् दलित, आदिवासी जनजातिको भाग पनि खाइ दिन्छन् । पहुँच हुनेले नै समावेशीको अनुभूती गरिरहेका छन् । यद्यपी यसको प्रयोग स्वार्थरहित राज्यको अधिकार स्रोतसधनहरु लक्षित वर्ग जनतासम्म पुर्याउनका लागि हुनुपर्छ । त्यो देखिदैन । समावेशीता नारामा मात्र देखिन्छ । संघीताको एक प्रमुख अंग भनेकै समावेशी हो ।

राज्यको हरेक निकायमा समानुपातिक समावेशी हुनु आवश्यक हुन्छ । समानुपातिक ढंगले समावेशी भएन भने जनताले संघीयता, समावेशी गणतन्त्रको अनुभुती नै गर्न सक्दैन । मधेशी, आदिवासी जनजाति, मुस्लिम, महिला, पिछडिएको समुदाय, शिल्पी (दलित)ले विगतमा गरेको संघर्ष त्यसकै लागि थियो । तत्कालिन मधेशी जनअधिकार फोरमको नेतृत्वमा भएको मधेश आन्दोलन पनि त्यसैका लाीग भएको थियो । समावेशी त राणाकालमा पनि भएको थियो । पंचायतकालमा पनि भएको थियो । राणाको दरबारदेखि शाह वंशीय नारायाणहिटी दरवारसम्म एक दुई जना मधेशी, एक दुई जना मुस्लिम, थारुहरु देखिन्थे । हरेक व्यवस्थामा समावेश गराएको जस्तो देखाएको हुन्थ्यो । बहुदल व्यवस्था आएपछि पनि त्यस्तै खालको समावेशी देखिन्थ्यो तर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि त्यो परम्परा हट्नुपर्छ भनि जनताको माग थियो र अहिले पनि त्यो कुरा उठाई रहेको छ ।

जनताले राज्यको हरेक निकायमा बराबरीको अधिकार हुनुपर्छ भनि माग गरेको थियो । जसको जति सँख्या छ उसले त्यति अधिकार पाउनुपर्छ भनि मागसहित आन्दोलन गरेका थिए । जनताको दबावका कारण नीतिगत व्यवस्था गरेपनि कतिपय अवस्थामा त्यो व्यवहारमा देखिएको छैन । व्यवहारमा ल्याउनका लागि सरोकारबालाहरुले आआफ्नो ठाउँबाट दबाव बढाई रहेका छन् ।

राज्यको मुलधारसम्म पुग्न कठिनाई भोगिरहेको लक्षित वर्गसम्म पुर्याउनु र उनीहरुको असल मौलिक संस्कारलाई लोप हुन नदिई  राज्यको मुलधारमा ती कुना काप्चामा रहेका र आधारभुत आवश्यकताको पहुँचबाट बञ्चित रहेकालाई राज्यको मुलधारमा जोडिनु सामावेशीताको मुल मर्म हो ।

**सुशासन**

स्वाभिमान, सार्वभौमिकता बचाएर जनजनमा नीतिगत रुपले अधिकार पुर्याउनु  सुशानको मुलमर्म हो । संसार एक घर हो भन्ने हामी पृथ्वीमा भएका सबै एक परिवार हौं र मानवको अस्तित्व बचाउन हामी कोई अति सुखभोगी नभई ठिकको स्रोत साधन प्रयोग  गर्दिए प्रकृतिमाथिको बोझ न्युनिकरण सन्तुलित रुपमा वितरणको वतावरण रहन्छ, यसको लागि सबैलाई एक रुपतामा राख्न गर्भदेखि चिहानसम्म चाहिने असल नीतिको असल कार्यान्वयन नै सुशासन हो । "जनतालाई सर्वोपरी बनाई उनीहरुको मौलिक समस्यालाई पहिचान गरि दिगो नीतिगत सामाधान गरिनुपर्दछ, अनि मात्र जनतालाई  काण्डै काण्ड, प्रकरणै प्रकरण (जस्तै, सुनकण्ड, बालुवाटार काण्ड, वाईडबडी काण्ड, ललिता निवास प्रकरण र आफ्नै जनतालाई शरणार्थी बनाउने काण्ड) आदि । यी काण्डहरुमा देशकै प्रतिष्ठित भनाउँदा व्यक्तिहरु मुछिएका छन् ।

विगतका ब्यथितिहरुलाई ढाकछोप गर्न खोजिदैछन् । तर सुशासनको साकारात्मक अभ्यास हालका गठबन्धन सरकारले गरिरहेको देखिन्छ । यस्ता काण्डहरु उहिलेदेखि हुँदै आइरहेका थिए तर आज बाहिर आउँदा मात्र थाह भयो कि यस्तो पनि हुँदो रहेछ । यसको मतलब यस्ता काण्डहरु पहिला पनि भइसकेका थिए, देशलाई लुटिसकेका थिए, बर्बाद पारिसकेका थिए होला । सन्दर्भबस आज यी काण्डहरु बाहिर आउँदा मात्र चर्चा भएको हो । यसअघि यस्तो भएको थिएन भने होइन ।

आज बाहिर आउँदा कति लोभी पापीहरु र पहुँचबालाहरुको नाम खुलिरहेका छन् । ती व्यक्तिहरु विगतमा पनि पक्कै यस्ता काण्डहरुमा संलग्न थिए होला । आज यी कुराहरु बाहिर आएपछि त्यसलाई लुकाउने दवाउने प्रयास विभिन्न कोणबाट भइरहेका छन् ।

हाम्रा विभिन्न संवैधानिक निकायहरु स्वतन्त्र देखिदैनन् । यहाँसम्म कि प्रधानमन्त्री कार्यालय, सीआबी कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र, सर्वोच्च अदालतको निष्पक्षतामाथि प्रश्न उठेको छ । किन कि त्यहाँ आयुक्त/सदस्यहरु पनि विभिन्न काण्डमा मुछिएका छन् । जेलसम्म गएका छन् ।

सर्वोच्च अदालतका प्रधानन्यायधिशमाथि प्रश्न खडा भएको छ । त्यहाँका न्यायधिशहरु पनि विभिन्न घुस काण्डमा मुछिएका छन् । प्रधानमन्त्री कार्यालयका अधिकारी, मन्त्री, सचिवहरु पनि विभिन्न काण्डमा मुछिएका छन् । कतिपय सचिव, पूर्व सचिवहरु अहिले जेलमा छन् । प्रहरीका कतिपय उच्च पदस्थ अधिकारीहरु जेलमा छन् । अर्थात जनताले विश्वास गर्ने हो भने कोमाथि गर्ने हो भनि अन्योल छ ।

यसको मुख्य कारण नै राजनीतिक दलहरु हुन् । जति पनि नियुक्ति, बढुवा, सरुवा हुन्छन् ती सबै दलीय भागबण्डामा हुन्छन् । अख्तियारको प्रमुख आयुक्त, आयुक्त नियुक्त गर्दा भागबण्डा, सर्वोच्च अदालतको प्रधानन्यायधिश, न्यायधिश नियुक्त गर्दा भागबण्डा, प्रहरी प्रमुख, एसपी, डिएसपी बढुवा गर्दा भागबण्डा, जिल्लामा सिडियो पठाउँदा भागबण्डा, सचिवमा बढुवा गर्दा दलीय भागबण्डा । अर्थात राज्य संयन्त्रको कुनै पनि यस्तो ठाउँ छैन जहाँ राजनीतिक दलले त्यसलाई भागबण्डा गरेका हुँदैनन् । त्यही भागबण्डाका कारण देशको सुशासन तहस नहस भएको छ ।

भागबण्डाको क्रममा राजनीतिक दलका नेताहरुले लेनदेनको आधारमा नियुक्ति गरेका हुन्छन्, बढुवा गरेका हुन्छन् । जो मोटो रकम बुझाएर नियुक्ति पाएका हुन्छन्, बढुवा भएका हुन्छन् त्यो पक्कै पनि त्यो ठाउँमा गएर पक्कै पनि जोगी भएर बस्दैनन् होला । आफ्नो लगानी उठाउनका लागि यस्ता काण्डहरु पक्कै पनि गर्छन् होला । अर्थात यसबाट के देखिन्छन् भने देशमा जति पनि काण्डहरु भएका छन् ती सबैमा कतै न कतै राजनीतिक दलको कनेक्सन अवश्य देखिन्छ ।

जबसम्म दलको हस्ताक्षेपरहित नियुक्ति हुदैन तबसम्म सुशासन कायम गर्न गाह्रो छ । नेपालमा अत्याधितक स्रोत साधन छन् । अत्याधिक सम्भावना भएको देश हो नेपाल, तैपनि यहाँका जनता गरिब छन् । हरेक जनताको टाउकोमा ऋणको भारी छन् । कोही पनि जनता खुशी देखिदैन, कोही सन्तुष्ट देखिदैन, आर्थिक रुपमा देशको अवस्था टाट पल्टिने स्थितिमा पुगेका छन् । गरिब झन गरिब हुँदैछन् भने धनी झन धनी हुँदै छन् ।

देशका साधन स्रोत एउटै व्यक्ति, एउटै समुदायको हातमा छ । एउटै व्यक्तिले त्यसलाई चलाई रहेका छन् । जसले गर्दा देशको आर्थिक अवस्था 'अनब्यालेन्स' भएको छ ।

**त्यसो भए अब के गर्ने त ?**

'साकारात्मक सोचले संघर्ष गर्न प्रेरित गर्दै सफलतामा पुर्याउदछ' भनि आशावादी हुने हो भने विश्वमै जनतालाई संघीयता, समावेशीता, सुशासन र समृद्धिको सिद्धान्त ठिक मान्छन् तर लेखाइ र कार्यान्वयनमा फरक भएका कारण विभिन्न टिप्पणी उठ्छ, जबसम्म जनतालाई Updating सार्वजनिक नीति सुशासनको असली रुप देखाउन सक्दैन, जनताको निराशामा आशा भर्न कठिन  छ । साउन ३० गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विभिन्न सञ्चारमाध्यमका सम्पादकहरुसँग भेट्नु भएको थियो । उहाँले त्यो भेटघाटमा पटक पटक दोहोर्‍याउँदै भन्नुभयो, 'मैलेबाहेक अरुले यो देशको अहिलेको अवस्थालाई पार लाउन सक्दैनन् । कम्तिमा यसपटक मबाहेक अरु विकल्प नखोजियोस् र मलाई सबैले सहयोग गरुन् ।' उहाँले आफू सुशासनको क्षेत्रमा केही गर्न आँट गरेको र त्यसमा मिडियाको सहयोग आवश्यक रहेको भन्दै हालसम्म मिडियाले सहयोग गरेको कारण कार्य गर्न सफल भएको बताउँदै अगामी दिनमा पनि सहायोगको अपेक्षा गरेको धारणा राख्नु भएको थियो ।

यसबाट के प्रष्ट हुन्छ कि प्रधानमन्त्री प्रचण्ड सुशासन स्थापित गरी विकास निर्माणका साथ कानूनी राज्यको लागि दृढतापूर्वक उभिनु भएको छ । त्यसले गर्दा अहिलेको गठबन्धन दलको शक्तिलाई परिणाममुखी बनाउने कुरामा उहाँ ढुक्क देखिनु भएको छ । त्यसैले अहिलेका गठबन्धन सरकारका प्रधानमन्त्री प्रचण्डले केही गर्ने सोच बनाउनु भएको छ, रिजल्टमा पनि देखिएको छ । त्यसैले प्रधानमन्त्री प्रचण्डको मनोबल बढाउन सबैतिरबाट सहयोगको आवश्यकता छ । प्रतिनिधसभामा ३२ सिट भएका दलका नेता प्रधानमन्त्री हुने र ८०/९० सिट भन्दा बढी भएका दलका नेताहरु सत्ता बाहिर रहनुपर्ने राजनैतिक खेलको बीच अहिले अप्रत्यासित रुपमा देशमा सुशासनको राँको बाल्ने काम गर्न खोज्दै छ ।

सरकारी जग्गा हिनामिनाको जगमा अनुसन्धान हुँदै आएको ललिता निवास काण्डले यतिबेला राजनैतिक सरगर्मी बढाएको छ । सर्वोच्च अदालतको आदेशले पूर्व दुई प्रधानमन्त्री, मन्त्री र पूर्व मुख्य सचिवले राज्यको महत्वपूर्ण अनुसन्धान गर्ने निकाय सीआइबीमा बयान गर्नुपर्ने अवस्थाको सिर्जना हुनु भनिदै आएको निर्धालाई ऐन बलियालाई चैन भन्ने उखान विपरित सबैलाई कानून बरारबर भन्ने सुशासनको मूलमर्मलाई स्थापित गर्दै आएको छ ।

निशुल्क शिक्षा/स्वास्थ्य र रोजगारको लागि देश कृषि र पानीबाट  बिजुली उत्पादन गरि मात्र पनि देशलाई आत्मनिर्भर बनाउन सक्नु र  छिमेकी देशसँग सम्झौताहरु गर्दा जनताको हितलाई ख्याल राख्नुपर्छ । जे गर्दा जनताको हित र उसको विकासलाई ख्याल गरेर गरियो भने मात्र संघीता, सुशासन, समावेशीतालाई बलियो बनाउन सकिन्छ ।  हामीले सानैदेखि पाएका देशभक्तको संस्कार जनकल्याणमा प्रयोग गरिनु उचित देखिन्छ । देशभक्त नागरिक भएको सोचले सुनदेखि नुनसम्म भएको नेपाल देशमा प्राकृतिक स्रोतलाई असल सोचका साथ त्यसलाई बचाई राखे भने मात्र जनताले सुशासन, समावेशी र संघीयतालाई अनुभूती गर्न सक्छ । सुशासनको मुख्य कडीको रुपमा जनताको घरसम्म सिंहदरवारको अनुभूती हुन सकोस र जनताप्रति जनउत्तरदायी तिनै तहको सरकारबाट धेरै अपेक्षा जनताले गर्दैन । जनताहरु सुशासनको अनुभूती गर्न चाहन्छन् । आफ्ना जनप्रतिनिधहरुबाट असल काम गरेको देख्न चाहन्छन् । अहिले काठमाडौं महानगर र धरान उपमहानगर पालिकाका मेयरहरुले शिक्षा, स्वास्थ्य र विकास निर्माण सम्बन्धमा गर्दै आएको लोकप्रिय कार्यहरु देशै भरीका स्थानीय तहका जनप्रतिनिधहरुले पनि अनुशरण गरिदिए हुन्थ्यो भन्ने चाहन्छन् ।

*(लेखिका रोसना यादव जसपा निकट समाजवादी विद्यार्थी युनियन, नेपालको केन्द्रीय उपमाहासचिव एवं राजनीतिक तथा समाजिक क्षेत्रको अनुसन्धानकर्मी पनि हुनुहुन्छ ।)*

अन्तरवार्ता

# खुशी यो कारणले छु कि म मधेशको साथमा छु



**मेरो जीवन र जवानी राजनीतिमै बितेको कारण तपाई लाग्छ कि म त्यतिकै चुपचाप बसेको हुँला। तराई मधेशका विभिन्न व्यक्तित्वहरुसँग भेटेर केही नयाँ गर्ने सोचका साथ अगाडि बढी रहेको छु। त्यसका लागि गृहकार्यहरु भइरहेका छन्। विभिन्न माध्यमबाट जनसम्पर्क बढाउने काम भइरहेको छ। अगामी दिनमा कसरी अगाडि बढ्ने त्यसको बारेमा विचार विमर्शहरु भइरहेका छन्।**

## रामनरेश राय यादव, स्वतन्त्र राजनीतिकर्मी

**गजेन्द्रनारायण सिंहको साथमा नेपाल सद्भावना पार्टी गठन गरी मधेशी राजनीतिमा आउनु भएका रामनरेश राय यादव नेपाल सद्भावना पार्टी विभाजन हुँदा राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीमा रहनुभयो। त्यसपछि त्यहाँबाट अलग भएर आफ्नै नेतृत्वमा पार्टी खोल्नुभयो। पछि महेन्द्रराय यादव नेतृत्वको पार्टीसँग एकीकरण गर्नुभयो। त्यसपछि राजपा बनाउनुभयो। राजपा हुँदै जसपामा जानु भयो। जसपा विभाजन भएपछि उहाँ कतै नगएर स्वतन्त्र हुनुभयो। हाल उहाँ स्वतन्त्र राजनीतिक जीवन बिताइ रहनुभएको छ। प्रस्तुत छ, सहारा टाइम्सले उहाँसँग मधेशको समसामयीक राजनीतिक विषयमा गरिएको कुराकानीको सम्पादीत अंशः**

**अहिले नेपालको राजनीति परिदृष्यबाट तपाई एकाएक गायब हुनुभयो कहाँ हुनुहुन्छ के गर्दै हुनुहुन्छ ?**

ाजनीतिक गर्ने मान्छे कहिल्यै गायब हुँदैनन्। राजनीतिबाट पनि बन्चित हुँदैन। आफ्नो अनुकुल केही न केही गरेकै हुन्छन्। मेरो जीवन र जवानी राजनीतिमै बितेको कारण तपाई लाग्छ कि म त्यतिकै चुपचाप बसेको हुँला। तराई मधेशका विभिन्न व्यक्तित्वहरुसँग भेटेर केही नयाँ गर्ने सोचका साथ अगाडि बढी रहेको छु। त्यसका लागि गृहकार्यहरु भइरहेका छन्। विभिन्न माध्यमबाट जनसम्पर्क बढाउने काम भइरहेको छ। अगामी दिनमा कसरी अगाडि बढ्ने त्यसको बारेमा विचार विमर्शहरु भइरहेका छन्। केही दिनमा तपाईहरुले यसको परिणाम थाह पाउनु हुन्छ।

**गृहकार्य भन्नुभयो, कस्तो गृहकार्य गरिरहनु भएको छ केका लागि गरिरहनु भएको छ ?**

अब परम्परागत ढंगले राजनीति अगाडि बढ्दैन। अहिलेको राजनीतिमा थुप्रै चुनौतीहरु देखिएका छन्। ती चुनौतीहरुलाई सामना गर्न के गर्नुपर्छ, कसरी अगाडि बढ्नु पर्छ। अहिलेको राजनीतिक अवस्थाको बारेमा जनताको बुझाई र मनोदाशा कस्तो रहेको छ, कुन ढंगले निकास दिदा समस्या समाधान हुन्छ, लगायतका विषयमा गृहकार्य भइरहेको छ। नेपालको वर्तमान राजनीतिक अवस्था सिधा ढंगले अगाडि बढेको छैन। कतै न कतै गडबड छ। त्यो गडबडलाई कसरी सुधार गर्ने हो त्यसको बारेमा विचार विमर्शहरु भइरहेको छ। मधेशमा लामो समय राजनीतिक गर्‍यौं। मधेशी दल र मधेशी नेतालाई बुझ्ने मौका पायौं। उनीहरुले के गर्न सक्छन्, कतिसम्म गर्न सक्छन् सबै कुरा थाह छ। त्यसैले उनीहरुभन्दा थप अरु केही नयाँ गर्न सकिन्छ कि भनि चाहनाका साथ छलफलमा छौं। छलफलबाट के निष्कर्ष आउँछ त्यसको आधारमा हामी अगाडि बढ्छौं।

**नयाँ पार्टी खोल्न लाग्नु भएको हो कि क्या हो ?**

हेर्दै जाउ के हुन्छ। पहिलो कुरा देशको समसामयिक राजनीतिक अवस्थाको बारेमा छलफल हुँदैछ। युवा जुट्दैछन्, केही नयाँ केही पुराना साथीहरु पनि सम्पर्कमा आउँदैछन्। नयाँ पार्टी खोल्न सकिन्छ, वा कुनै दलको साथ पनि लिन सकिन्छ वा पार्टी नै नखोली स्वतन्त्र ढंगले पनि अगाडि बढ्न सकिन्छ यी सब विषयमा साथीहरुको बीचका कुराकानी भइरहेको छ। तत्कालै नयाँ पार्टी खोलि हाल्ने अवस्था पनि देखिएको छैन। नयाँ पार्टी खोलेपछि जनतालाई भरोसा दिलाउनु पर्छ कि अधिकार दिलाउँछौं त्यो पनि तत्कालै अवस्था देखिदैन। चलिरहेको पसलको छेउमा अर्को त्यस्तै पसल खोल्ने पक्षमा हामी तत्काल अहिले छैन। मधेशी जनताले के भन्छ, त्यसको आधारमा हामी अगाडि बढ्छौं।

**तपाई मधेश केन्द्रीत दल तथा त्यसका सबै नेतासँग काम गरिसक्नु भएको छ, यी दल तथा नेतामध्ये कोसँग तपाईहरुको बिचार मिल्दैछ, कोसँग सहकार्य हुनसक्छ ?**

हामीले विचार मिल्नेसँग काम गर्ने हो। तर त्यो पनि खाँटी मधेशी दलसँग। हामी कुनै कम्युनिष्ट वा काँग्रेस पार्टीसँग सहकार्य गर्दैनौं। मधेशी जनताको लागि काम गर्न मधेशी संगठन नै चाहिन्छ। तर कस्तो संगठन बनाउने वा कसैसँग सहकार्य गर्ने त्यस बारेमा छलफल चाल्दैछ। गजेन्द्रनारायण सिंहले पंचायत कालमा नै नेपाल सद्भावना पार्टी खोल्नुभयो र मधेशका लागि लड्नु भयो त्यही बेलादेखि म पनि मधेशको राजनीतिमा सक्रिय भएको हुँ। त्यसैले मधेशको राजनीति छाडेर अन्यत्र जाने कुनै चान्स नै छैन। मधेशको राजनीतिमा हुँदा विभिन्न उतार चढाव भयो, सबैलाई झेलेर त्यसैमा टिकेको छु। मैले मधेशको राजनीति छाडेर कही गएको छैन। काँग्रेस, एमाले, माओवादीका नेताहरुले मलाई पार्टीमा आउन, टिकट लिएर चुनाव लड्न न भनेको होइन। पार्टीमा ल्याउनका लागि विभिन्न प्रलोभन पनि दिए तर म कही गइनन्। मसँगै राजनीतिक गर्नेहरु कोही एमालेमा गए, कोही काँग्रेसमा गए भने कोही माओवादीमा गए कोही कता हराए तर म मधेशको विचार, सिद्धान्तलाई त्यागेको छैन। केही समयका लागि राजनीतिबाट ओझेलमा परेको हो त्यो बेग्लै कुरा हो तर म मधेशलाई छाडेको छैन। एउटा नेता हुनुहुन्छ जो कम्युनिष्ट पार्टी त्यागेर मधेशको राजनीतिमा आउनुभयो। मधेश राजनीतिमा उथल पुथल ल्याएर फेरि कम्युनिष्ट बन्नुभयो अहिले उहाँले सबल कम्युनिष्ट बनाउने भनिरहनु भएको छ। त्यस्ता नेतामाथि हामीले कसरी विश्वास गर्ने, जनताले पनि त्यस्ता नेतालाई पहिचान गरिसकेका छन्।

**तपाईको इशारा महेन्द्र राय यादवतिर हो जस्तो लाग्छ, उहाँको बारेमा तपाईले भन्न के खोज्नु भएको हो ?**

उहाँ कट्टर कम्युनिष्ट नेता हुनुहुन्छ। तर कम्युनिष्ट पार्टीमा ठाउँ नपाए पछि उहाँले मधेशको शरण लिनुभयो। मधेशी जनतालाई गुमराहमा राखेर आन्दोलन गर्नुभयो। आन्दोलनबाट थुप्रै मधेशी जनताको ज्यान पनि गयो। त्यसको आडमा मधेशको राजनीतिमा टिक्नुभयो। तर जब त्यहाँबाट स्वार्थ पुरा नहुने देखेपछि अहिले पुनः कम्युनिष्ट पार्टीमा जानु भयो। अहिले उहाँले सबल कम्युनिष्ट पार्टी बनाउने भन्नुभएको छ। उहाँलाई अब मधेशी नेता कसरी भन्ने, मधेशी दलको नेता कसरी भन्ने। मधेशी जनताले उहाँमाथि अब कसरी विश्वास गर्छन्। आफ्नो स्वार्थका लागि जे पनि गर्ने खालका नेता उहाँ हुनुहुन्छ। त्यस्ता नेतालाई जनताले बहिष्कार गर्ने अवस्थामा पुगि सकेको छ। जनताले राम्रोसँग पहिचान गरिसकेको छ।

**तपाईले उहाँसँग लामो समय काम गर्नुभयो, अन्तिम समय जसपामा पनि सँगै हुनुहुन्थ्यो फेरि उहाँप्रति यो खालको पूर्वाग्रही किन ?**

यो पूर्वाग्रही होइन। लामो समय काम गरेको कारण त उहाँलाई चिनेको हुँ नि। जबसम्म मान्छेको नजिक जाँदैन तबसम्म पहिचान गर्न सकिदैन। मैले महेन्द्रजीसँग लामो सहकार्य गरेको कारण उहाँलाई चिन्ने मौका पाएको छु। मधेशको राजनीतिलाई अहिलेको अवस्थामा पुर्‍याउने अनेक पात्रमध्ये उहाँ मुख्य पात्र हुनुहुन्छ। मधेशी राजनीतिमा उथलपुथल ल्याउने पात्रमध्येको एक उहाँ पनि हुनुहुन्छ। मधेशको राजनीतिलाई एक ठाउँमा रहन दिनुभएन उहाँले। हरेक समयमा हतारिएर निर्णय गर्नुभयो र मधेशको राजनीतिलाई तहस नहस बनाएर जानुभयो। अहिले कम्युनिष्ट कित्तामा जानु भएको छ। यदि उहाँ सुरुदेखि ठिक ठाक रहनु भएको भए मधेशको अवस्था यस्तो हुने थिएन।

**तपाईले लामो समय मधेशको राजनीति गर्नुभयो, अहिलेको मधेश राजनीतिलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

एउटै लाइनमा भन्ने हो भने मधेशलाई ठग्ने कामबाहेक ती नेताहरुले अरु केही गर्नुभएको छैन्। आफूलाई स्थापित गर्न मधेशी जनतालाई विभिन्न नाममा ठग्ने काम बाहेक उहाँहरुले केही गर्नुभएको छैन। मधेसी जनतालाई भ्रममा राख्ने काम ती नेताहरुले पटक पटक गर्नुभएको छ। जुन कुरा मधेशी जनताले थाह पाइसकेका छन्। २०६४/६५ को मधेशी दललाई हेर्नुस् र अहिलेका दललाई हेर्नुस् आफै थाह पाउनु हुन्छ कि ती दल र नेताको हैसियत कहाँ पुगिसक्यो। मधेशी जनताले पत्याउन छाडिसकेको संकेत हो यो। ठूला ठूला नेताहरुको हालत खराब गरि दिएका छन् मधेशी जनताले। पत्याउन छाडिसकेका छन्, यसको संकेत ती नेताहरुले बुझ्नुपर्ने हो। मधेशी लासमाथि राजनीति गरिरहनु भएको छ। सहिदको मोलमोलाई गरेर राजनीति गरिरहनु भएको छ। सत्ताको भागबण्डा र कुर्सीको राजनीतिबाहेक अरु केही गर्नुभएको हो जस्तो लाग्छ तपाईलाई ? म त सबै कुरा प्रष्ट देखेको छु।

**यसको दोष त तपाईलाई पनि जान्छ नि। तपाई राजनीतिमा हुँदा केही बोल्नु भएन, पार्टीको अध्यक्षदेखि मन्त्रीसम्म पनि बन्नुभयो त्यतिबेला ती कुराहरु बोल्नु भएन आज पार्टीमा हुनुहुन्न, सरकारमा हुनुहुन्न त्यसपछि यस्तो कुरा बोल्नुको के तुक छ ?**

मान्छु मबाट केही भुल भएको होला। म पनि ती नेताहरुको लहैलहैमा केही गलती गरेको हुँला तर मेरोतर्फबाट मधेशी जनतालाई कहिले धोका भएको छैन त्यो कुराको ग्यारेन्टी म लिन्छु। सत्ताका लागि, व्यक्तिगत लाभका लागि म आफ्नो जमिर (मान प्रतिष्ठा) कहिले बेचेको छैन। हो म पनि पार्टीको अध्यक्ष भए, मधेश सरकारमा मन्त्री पनि भए तर मधेशी जनतालाई मबाट कहिले धोका भएको छैन। जहिले पनि मधेशी जनताको पक्षमा उभिएर काम गरेको छु। बरु जहाँ चित्त बुझेएको छैन त्यहाँबाट अलग भएको छु फरकमत राखेको छु तर मधेशको नाममा आफूले कसैलाई धोका दिएको छैन।

**मधेश सरकारको अघिल्लो कार्यकालमा तपाई पनि मन्त्री रहनुभएको थियो, मधेशको अघिल्लो सरकार र अहिलेको सरकारको बारेमा तपाईको के बुझाई छ ?**

यो मैले भन्ने कुरा नै होइन, मधेशका जनताले नै भनिरहेका छन् कि यसअघिको सरकार कस्तो थियो र अहिलेको सरकार कस्तो छ। सरकारले सर्वदलीय छानविन समिति गठन गरेको छ, सबै कुराको जवाफ त्यसले नै दिइसकेको छ। सरकारमा पक्कै पनि केही नकेही भएको छ भने त्यही सर्वदलीय छानविन समिति गठनले स्पष्ट गरेको छ। हामीले गरेको कामको पाँच प्रतिशत काम अहिले भएको छैन। अहिलेका मन्त्री, मुख्यमन्त्रीमा काम गर्ने इच्छाशक्ति पनि देखिएको छैन। हामी हुँदा यो देशमा मधेश प्रदेश सरकार छ भन्ने कुराको अनुभूती सबैलाई हुन्थ्यो। मधेशको अधिकार र पहिचानका लागि संघीय सरकारसँग हाम्रो पटक पटक लडाई हुन्थ्यो। कानुन निर्माणदेखि लिएर विभिन्न निकायको गठन हामीले गरेका थियौं। त्यतिबेला अधुरा रहेको काम पनि अहिलेको सरकारले गर्न सकिरहेको छैन। देशमा मधेश सरकार छ भन्ने कुराको अनुभूती जनताले गरिरहेको छैन। यो मैले होइन, त्यहाँको जनताले भनिरहेको कुरा हो।

**तपाई जसपामा हुनुहुन्थ्यो तर चुनाव स्वतन्त्र रुपमा लड्नु भयो किन ?**

जसपाका अध्यक्ष उपेन्द्र यादवले आफ्नो सिद्धान्त र विचार बिर्सिनुभयो र त्यहाँ मनमौजी गर्न थालेपछि म निस्केको हुँ। हरेक पार्टीको आफ्नो नीति, विधि र सिद्धान्त हुन्छ। नेतामा नैतिकता हुन्छ, तर जब ती सबै छाडेर स्वार्थ केन्द्रीत राजनीति हुन्छ तब त्यहाँ रहनु न रहनुको कुनै अर्थ रहदैन। जुनका नेताको पुतला जलाईएको थियो त्यही दलसँग चुनावी तालमेल गर्नुलाई कसरी बुझ्ने ? नागरिकताको विषयलाई लिएर जसपाले एमालेका अध्यक्ष केपी शर्मा ओलीको पुतला जलाइएको थियो। त्यसको विरुद्धमा आन्दोलन गरेको थियो। तर ११ दिन नपुग्दै त्यही दलसँग चुनावी गठबन्धन गरेर निर्वाचनमा भाग लिने निर्णय जसपाका अध्यक्ष उपेन्द्र यादवले गर्नुभएको थियो। मैले त्यसको विरोध पनि गरेका थिए, त्यस्तो नगर्नुस् मधेशी जनताले यसलाई रुचाउदैन, बरु एक्लै चुनावमा जाउसम्मको सुझाव दिएको थिए। आफूबाहेक कसैको नसुन्ने उपेन्द्र यादव मेरो किन सुन्नुहुन्थ्यो र। उहाँ एमालेसँग गठबन्धन गर्नुभयो। मलाई चित्त बुझेन म अलग भएर स्वतन्त्र रुपमा उम्मेदवारी दिएको थिए। म जसपाबाट अलग भएर स्वतन्त्र उम्मेदवारी दिने भएपछि मलाई एमालेले टिकट दिन तयार भयो, माओवादीलगायत अन्य दलले पनि सम्पर्क गर्न थाले। हारजित आफ्नो ठाउँको कुरा हो तर म पनि कुनै दलको टिकट लिएर चुनावमा जानसक्थे तर म मधेशको, आफ्नो स्वभिमानको लागि कही गइनन् जनताको बीचमा रहे स्वतन्त्र उम्मेदवारी दिए। चुनाव हारे त्यसमा मलाई दुख छैन। खुशी यो कारणले छु कि म मधेशको साथमा छु।



# नर्सिङ पढ्न हिड्नु भएको

■ एक कक्षादेखि १० सम्म फस्ट पोजिसनमै रहनु भएका पार्वता २०६३ सालको एसइमा जिल्ला टप नै गर्नुभएको थियो। पढाईमा यति राम्रो हुँदाहुँदै पनि साइन्स पढ्न किन डराउनु भएको भनि जिज्ञासामा उहाँले भन्नुभयो, 'मलाई पहिलादेखि साइन्सको नाम सुनेर नै डर लागि रहेको थियो त्यही भएर एसइ सकाएर गाह्रो होला भनेर साइन्स पढ्नेतिर लागिनन्।'

■ पार्वताको उद्देश्य पत्रकारिता गर्नु थिएन। उहाँका आमा-बुवाले डाक्टरी पढाउन चाहनु भएको थियो। दाइ भोला चौधरीले पार्वतालाई प्रहरीको जागिर गर्न भन्नुभएको थियो। त्यसमध्ये उहाँको रोजाईमा कुनै परेनन्। उहाँले पत्रकारितालाई नै पेसा बनाउनु भयो, जसको बारेमा न उहाँले सोच्नु भएको थियो न उहाँको परिवारका सदस्यमध्ये कसैले सोच्नु भएको थियो।

■ उहाँ इन्द्रेणी एफएममा काम गर्नुहुन्थ्ययो। सोही एफएममा काम गर्न पार्वतालाई उहाँले अफर दिनुभयो। त्यतिबेला पार्वता ब्याचलरमा अध्ययनरत हुनुहुन्थ्यो। पढाइका साथै उहाँले रेडियो इन्द्रेणीमा काम गर्न थाल्नुभयो। इन्द्रेणीमा जनसरोकार कार्यक्रम सञ्चालन गर्नुहुन्थ्यो। उहाँलाई प्रोग्राम चलाउनमा त्यति इन्ट्रेस्ट थिएन। उहाँको चाहना न्युजमा थियो। न्युज पढ्न र लेख्न उहाँले निकै प्रयास गर्नुभयो उहाँले।

■ न्युजमा काम गरेको कारण उहाँलाई विहान पाँचै बजे एफएम पुग्नु पर्थ्यो। त्यहाँका लोकल केटाहरुले थाह पाएपछि दुई तीन जना केटाले विहानै विहानै पार्वता र उहाँका साथमा रहेका अर्को साथी सविता मैनालीको बाटो छेक्न आउथे।

■ पार्वता एफएम समाचार पढ्दा, कार्यक्रम सञ्चालन गर्दा उहाँको आवाजको दिवान थुप्रै थिए। तर सप्तरीका सुवाष चौधरीले पार्वताको पिछ्या नै गर्नुभयो। पार्वतालाई फेसबुकमा फ्लो गर्न थाल्नुभयो। म्यासेन्जरमा हेलो हाइ भयो। हेलो हाइ भएको केही दिनमै सुवाषले पार्वतासँग विवाहको लागि प्रस्ताव गर्नुभयो।

**झापाका लालु चौधरीले आफ्नो छोरी पार्वता चौधरीलाई डाक्टर पढाउनु चाहनु भएको थियो। तर छोरी पार्वतालाई साइन्स पढ्न गाह्रो लागेर उहाँ अर्कै विषयमा प्लस टु गरेर नर्सिङको तयारीमा लाग्नु भयो त्यो पनि घरकै कारकापमा। नर्सिङमा प्रवेश परीक्षा दिन बिराटनगर, धरान हुँदै वीरगञ्जसम्म पुग्नुभएको थियो। तर सबै ठाउँमा उहाँको नाम बैकल्पिकमा मात्र निस्के। सायद उहाँलाई डाक्टर बन्न भाग्यमा लेखेकै थिएन होला। नर्सिङको तयारीका लागि वीरगञ्जमा बस्नु भएका पार्वता त्यहींको ठाकुरराम बहुमुखी क्याम्पसमा बीए पढ्न थाल्नु भएको थियो। ब्याचलर पढ्दै पत्रकारितामा लाग्नुभएका उहाँको यात्रा कान्तिपुर एफएमसम्म पुग्यो। कुनै बेलामा कान्तिपुर एफएममा काम गर्ने सपना देख्नु भएका पार्वता अहिले त्यहाँ उपसम्पादक भएर काम गरि रहनु भएको छ।**

**पढाईमा सधै अब्बल**

एक कक्षादेखि १० सम्म फस्ट पोजिसनमै रहनु भएका पार्वता २०६३ सालको एसइमा जिल्ला टप नै गर्नुभएको थियो। पढाईमा यति राम्रो हुँदाहुँदै पनि साइन्स पढ्न किन डराउनु भएको भनि जिज्ञासामा उहाँले भन्नुभयो, 'मलाई पहिलादेखि साइन्सको नाम सुनेर नै डर लागि रहेको थियो त्यही भएर एसइ सकाएर गाह्रो होला भनेर साइन्स पढ्नेतिर लागिनन्।'

झापा गरामनीकै दुर्गा माविबाट एकदेखि १० सम्म पढ्नु भएका पार्वता बिर्ता हायर सेकेण्डरी स्कूलबाट प्लस टु सकाउनु भएको थियो। घरको सल्लाह अनुसार डाक्टरी पढ्न नपाए पनि नर्सिङसम्म अध्ययन गर्ने भनि सोचका साथ त्यसको तयारीमा उहाँ लाग्नुभयो। २०६५ मै विराटनगर, धरान र वीरगञ्जमा आलोपालो नर्सिङ पढ्नका लागि प्रवेश परीक्षा दिनुभयो। जहाँ पनि वैकल्पिकमा नाम निस्किन्थ्यो। नर्सिङकै प्रवेश परीक्षा दिन वीरगञ्ज पुग्नु भएका पार्वता त्यसको तयारीमा केही समय त्यहीं बस्नु भएको थियो। नर्सिङमा नाम ननिस्केपछि उहाँ त्यहीको ठाकुरराम बहुमुखी क्याम्पसमा अंग्रेजी विषय लिएर बीए पढ्न थाल्नुभयो। झापाका पार्वतालाई विस्तारै विस्तारै वीरगञ्ज पनि मन पर्न थाल्यो। त्यहाँको वतावरण, रहन सहन, भाषा, सँस्कृति उहाँलाई खुबै मन पर्न थाल्यो। साथीहरु पनि बन्न थाले। रौतहटमा पार्वताका दिदी रामरती चौधरीको विहे भएको थियो। पर्साबाट रौतहट नजिकै भएको कारण पार्वता कहिले काही त्यहाँ पनि आउ जाउ गर्नुहुन्थ्यो।

त्यसले पनि उहाँलाई वीरगञ्जमा टिक्न सजिलो बनाएको थियो। पार्वताका लागि वीरगञ्ज यति प्यारो भयो कि उहाँले त्यसलाई कर्मभूमी नै बनाउनुभयो। उहाँको पत्रकारिताको यात्रा त्यहींबाट सुरु भएको थियो। पढाई र पत्रकारिता सँगसँगै गर्दै आउनु भएका उहाँले काठमाडौँको सेफर्डमा पत्रकारिता पढ्ने अवसरको बारेमा जानकारी पाउनु भएको थियो। काठमाडौँ आएर सेफर्ड कलेजबाट मेडिया टेक्नोलोजीमा मास्टर्स गर्नुभयो। अहिले उहाँले पत्रकारितामै पिएचडी गर्ने तयारी गरिरहनु भएको छ।

**पत्रकारिताको यात्रा**

पार्वताको उद्देश्य पत्रकारिता गर्नु थिएन। उहाँका आमा-बुवाले डाक्टरी पढाउन चाहनु भएको थियो। दाइ भोला चौधरीले पार्वतालाई प्रहरीको जागिर गर्न भन्नुभएको थियो। त्यसमध्ये उहाँको रोजाईमा कुनै परेनन्। उहाँले पत्रकारितालाई नै पेसा बनाउनु भयो, जसको बारेमा न उहाँले सोच्नु भएको थियो न उहाँको परिवारका




सदस्यमध्ये कसैले सोच्नु भएको थियो।

उहाँमा बोल्ने काला स्कूल जीवनदेखि नै थियो। स्कूलमा हुने अधिकाँश कार्यक्रममा उहाँले उद्घोषण गर्नुहुन्थ्यो। यो काला उहाँको 'गड गिफ्ट' नै थियो। १० प्लस टुमा अध्ययन गर्दा उहाँले उद्घोषणको तालिम लिनुभएको थियो। तर त्यो पत्रकारितासँग सम्बन्धित थिएन। कुनै पनि कार्यक्रम कसरी सञ्चालन गर्ने, कसरी अरुको सामुने बोल्ने विषयमा उहाँले तालिम लिनुभएको थियो।

त्यतिबेला उहाँलाई थाह थिएन कि एक दिन देशकै सबभन्दा प्रतिष्ठित र पहिलो एफएममा बोल्न पाउँछु। पढाईका लागि वीरगञ्जमा बसिरहँदा त्यहाँ पनि उहाँले उद्घोषकको तालिम लिनुभयो। त्यो पत्रकारितासँग सम्बन्धित थियो। त्यहाँ स्क्रिप्ट लेख्ने देखि लिएर रेडियोमा बोल्ने शैलीको बारेमा तालिम दिएको थियो।

तालिम लिनेमध्ये पार्वता सबभन्दा उत्कृष्ट हुनुभयो। तालिमको अवधिमा लिइने विभिन्न जाँच तथा प्रयोगात्मक परीक्षामा पार्वता एक नम्बर नै ल्याउनुहुन्थ्यो। त्यसले गर्दा पनि उहाँ वीरगञ्जका लागि परिचित हुनुभयो। त्यो ट्रेनिङमा सहभागी हुनुभएका ध्रुव अधिकारीलाई पार्वताको भ्वाइस र लेखन शैली मन परेको थियो।

**पत्रकारिताको पहिलो खुड्किलो इन्द्रेणी**

उहाँ इन्द्रेणी एफएममा काम गर्नुहुन्थ्ययो। सोही एफएममा काम गर्न पार्वतालाई उहाँले अफर दिनुभयो। त्यतिबेला पार्वता ब्याचलरमा अध्ययनरत हुनुहुन्थ्यो। पढाईका साथै उहाँले रेडियो इन्द्रेणीमा काम गर्न थाल्नुभयो। इन्द्रेणीमा जनसरोकार कार्यक्रम सञ्चालन गर्नुहुन्थ्यो। उहाँलाई प्रोग्राम चलाउनमा त्यति इन्ट्रेस्ट थिएन। उहाँको चाहना न्युजमा थियो। न्युज पढ्न र लेख्न उहाँले निकै प्रयास गर्नुभयो उहाँले।

न्युज डिपार्टमेन्टले कहिले त्यहाँ छिर्न दिएन। एफएममा न्युज पढ्ने उहाँको सपना थियो तर त्यहाँ एक वर्षसम्म काम गर्दा कहिले न्युज रुपमा छिर्न दिएन। न्युज पढ्न दिएन। त्यसका लागि उहाँले पटक पटक कुरा उठाउनु हुन्थ्यो तर उहाँको कुराको कहिले सुनुवाई भएन। उहाँले त्यहाँ एक वर्ष जति काम गर्नुभयो। त्यहाँबाट उहाँले छ सय रुपियाँ मात्र पाउनु भयो। उहाँ भन्नुहुन्छ, 'इन्द्रेणीमा काम गर्नुअघि मौखिक सहमति भएको थियो कि प्रोग्राम अनुसार पैसा दिन्छौं तर त्यो सहमति अनुसार दिएन।' पार्वताले पैसाको लागि कुरा नउठाएको होइन तर आज दिन्छु, भोली दिन्छु भन्दा भन्दै टारि रह्यो। एक त न्युज पढ्न दिएन, अर्कोतिर गच्छे अनुसार पैसा पनि दिएन अनि उहाँलाई त्यहाँबाट मन उप्कियो।

सत्रुधन नेपाल जो पर्सा जिल्ला नेपाल पत्रकार महासंघका अध्यक्ष हुनुहुन्थ्यो। उहाँले त्यहाँको गढीमाइ एफएममा काम गर्नुहुन्थ्यो। पार्वताको काम पहिलादेखि नै सत्रुधनलाई मन परिरहेको थियो। पार्वताले न्युजमा काम गर्ने इच्छा देखाएपछि सत्रुधनले आफ्नो एफएममा बोलाइ हाल्नु भयो। इन्द्रेणी एफएम छाडेर पार्वत गढीमाइमा जानुभयो। त्यहाँ मासिक पारश्रमिक लिएर नै त्यहाँ काम

# ा पार्वता यसरी बन्नुभयो पत्रकार

गर्न थाल्नुभयो । उहाँले त्यहाँ न्युज पढ्नेदेखि लिएर न्युज संकलन, लेखनदेखि न्युजसँग सम्बिन्धित सबै काम गर्न थाल्नुभयो । गढीमाइ एफएममा काम गरिहँदा उहाँ एउटा बोर्डिङ स्कूल पनि ज्वाइन गर्नुभयो । उहाँले त्यहाँ अंग्रेजी पढाउनु हुन्थ्यो । उहाँको आफ्नो पढाई पनि चलि रहेको थियो ।

यसरी काम गर्न थालेपछि उहाँको मासिक आम्दानी राम्रै हुन थाल्यो । त्यसपछि उहाँले घरबाट पैसा लिन छाडि सक्नु भयो । उहाँले त्यहाँको अस्मिता प्रकाशन गृहको एउटा प्रोजेक्टमा काम गर्न थाल्नुभयो । सो प्रकाशन गृहले मिडियामा महिलाको विषय कसरी उठाउने अभियान चलाएको थियो । सो अभियानमा पार्वताका साथै सलमा खातुन र अञ्जु न्योपाने पनि हुनुहुन्थ्यो ।

होस्टल बसाईको क्रममा सलमा खातुनसँग पार्वताको चिनजान भएको थियो । त्यो अभियान छ महिनासम्म चल्यो । गढीमाइ एफएममा काम सुरु गर्दा उहाँ ब्याचलरको तेस्रो वर्षमा अध्ययनरत हुनुहुन्थ्यो ।

**आफ्नो सुरक्षाका लागि चक्कु**

न्युजमा काम गरेको कारण उहाँलाई विहान पाँचै बजे एफएम पुग्नु पर्थ्यो । त्यहाँका लोकल केटाहरुले थाह पाएपछि दुई तीन जना केटाले विहानै विहानै पार्वता र उहाँका साथमा रहेका अर्को साथी सविता मैनालीको बाटो छेक्न आउथे ।

बाटोमा जिस्काउँथे, कहिले काहीं झम्टिन खोज्थे । त्यसले पार्वतालाई निकै डर लागिरहेको थियो । उहाँले यो कुरा एफएममा पनि राख्नुभयो । बाटोघाटोको सुरक्षाको ग्यारेन्टी लिन सकिदैन, आफू सतर्क भएर हिड्नु, आफ्नो सुरक्षा आफै गर्नु भनि एफएमले जवाफ दिएको थियो । सतर्क रहनुस् थप केही भयो भने यस विषयमा प्रहरीसँग कुरा राख्ने पनि भनिएको थियो । त्यसपछि पार्वता र उहाँका साथी सविताले आफ्नो सुरक्षाका लागि चक्कु लिएर हिड्न थाल्नुभयो । पार्वता भन्नुहुन्छ, 'जुन दिनदेखि चक्कु बोक्न थाले त्यहीं दिनदेखि ती केटाहरु बाटोमा देखिन छाडे, त्यो संयोग थियो कि के थियो थाह भएन तर बाटो छेक्न आउन नै छाडे ।' अस्मिताले त ठूलै चक्कु बोक्नु भएको थियो । तर त्यो चक्कु उहाँहरुलाई कहिले काम लागेन । उहाँहरुले त्यो चक्कु कम्तीमा १५ दिनसम्म बोकेर हिड्नु भएको थियो ।

**काठमाडौँको यात्रा**

पार्वताले त्यो एफएममा सात महिना काम गर्नुभयो । सत्रुधन नेपालले नै काठमाडौँको सेफर्ड कलेजबाट पत्रकारिताका लागि छात्रवृतिको कोटा आएको छ, तपाईलाई पत्रकारिता पढ्ने इच्छा पनि





देखिएको छ, तपाईलाई जाने इच्छा छ भने जानुस् भनि पार्वतालाई भन्नुभएको थियो ।

पार्वता सुरुदेखि नै पत्रकारिता पढ्न इच्छुक हुनुहुन्थ्यो । त्यतिबेला नेपाल पत्रकार महासंघको अध्यक्षमा सुरेश आचार्य हुनुहुन्थ्यो । उहाँ सेफर्ड कलेजमा पनि हुनुहुन्थ्यो । त्यहाँको छात्रवृतिको बारेमा उहाँले पर्सा नेपाल पत्रकार महासंघलाई जानकारी गराउनुभएको थियो । पर्साका अध्यक्ष सत्रुधनले पार्वतालाई सो अफर दिनुभयो ।

उहाँ काठमाडौँ आउनुभयो । सेफर्ड कलेजमा भर्ना हुनुभयो । सेफर्डमा पढ्न थालेको १२-१३ दिन भएको थियो उहाँले काम खोज्न थाल्नु भएको थियो । एउटा पत्रकारितासम्बन्धी तालिम थियो । त्यसमा उहाँले भाग लिनुभयो । त्यहाँको तालिममा लिएको जाँचमा पार्वता फर्स्ट हुनुभयो । त्यसै आधारमा उहाँले नेपाल वाणी नेटवर्कमा काम पनि पाउनुभयो ।

त्यहाँ पनि उहाँले न्युज पढ्नुदेखि लिएर लेखन तथा रिर्पोटिङको काम पनि गर्न भयो । मास्टर्स पढाईका साथै उहाँले कामलाई पनि निरन्तरता दिनुभयो । उहाँले नेपाल वाणीमा सात महिना काम गर्नुभयो । सात महिना काम गरेपनि उहाँलाई तीन महिनाको मात्र पैसा दिएको थियो, अरु आज दिन्छु भोली दिन्छु भन्दा भन्दै टारिरहेकि थियो । त्यहाँ पैसाको लफडा चलिरहेको थियो । त्यहाँबाट निस्किनु भयो । निस्केपछि पनि उहाँ आजसम्म त्यो पैसाका लागि त्यहाँ जानुभएको छैन ।

त्यहाँ काम गर्दै गर्दा कान्तिपुर एफएममा विज्ञापन निस्केको थिण्यो । उहाँले त्यहाँ फर्म भर्नुभयो । उहाँ वीरगञ्जमा काम गरिहँदा कान्तिपुर एफएममा काम गर्ने सपना देख्नुभएको थियो । 'घुम्ने मेच'मा बसेर समाचार पढ्ने मन पार्वतालाई सुरुदेखि नै थियो । विज्ञापन भर्दा त्यो सपना पुरा होला कि नहोला भनि उहाँलाई त्यति बेलासम्म थाह थिएन । कान्तिपुर एफएममा काम गर्ने एक जना तेजेन्द्र काफ्लेलाई उहाँले चिन्नुहुन्थ्यो । उहाँहरुको बीचमा झापादेखि नै चिनजान थियो ।

पार्वता नर्सिङको लागि झापामा कोचिङ पढ्दा तेजेन्द्र काफ्लेले त्यहाँ म्याथ पढाउनु भएको थियो । तेजेन्द्रले पनि पार्वतालाई चिन्नुहुन्थ्यो । उहाँले पनि फर्म भर्नका लागि पार्वतालाई सुझाव दिनुभएको थियो । पार्वताले त्यहाँ जागिरका लागि लिखित, मौखिक परीक्षा दिनुको साथै प्रयोगत्मक परीक्षा दिनुभयो । उहाँ सबै परीक्षा पास गर्नुभयो । र २०६७ देखि उहाँले कान्तिपुर एफएममा ज्वाइन गर्नुभयो । त्यहाँ त ज्वाइन गर्नुभयो तर न्युज पढ्न दिइरहेका थिएन उहाँलाई । उहाँसँगै आएकाहरु न्युज रुम छिरिसकेका थिए तर उहाँलाई विभिन्न बहानामा न्युजरुम छिर्न दिइरहेका थिएनन् । उहाँसँग त्यस्तो एक महिनासम्म भयो । उहाँले एक महिनापछि मात्र न्युज पढ्न थाल्नुभयो । न्युज संकलनदेखि लिएर त्यसलाई सम्पादन गरेर पढ्नेसम्मको काम यहाँले गर्नुभयो । उहाँले शिक्षा, मातृ भाषा, स्वास्थ्य जस्ता विषयमा अन्तरवार्ता तथा कार्यक्रमहरु बनाउन थाल्नुभयो । हालसम्म उहाँले त्यहीँ एफएममा गरिरहनु भएको छ ।

**प्रेम त्यसपछि विवाह**

पार्वता एफएम समाचार पढ्दा, कार्यक्रम सञ्चालन गर्दा उहाँको आवाजको दिवान थुप्रै थिए । तर सप्तरीका सुवाष चौधरीले पार्वताको पिछ्रा नै गर्नुभयो । पार्वतालाई फेसबुकमा फ्लो गर्न थाल्नुभयो । म्यासेन्जरमा हेलो हाइ भयो । हेलो हाइ भएको केही दिनमै सुवाषले पार्वतासँग विवाहको लागि प्रस्ताव गर्नुभयो । पार्वतालाई आश्चर्य लाग्यो, कस्ता मान्छे रहेछन्, म्यासेन्जरमा दुई चार दिन कुराकानी हुँदैमा सिधै विवाहका लागि प्रस्ताव गरेका छन् पागल हो कि क्या हो जस्तो उहाँलाई लागेको थियो ।

सुवाषको प्रस्तावलाई पार्वताले इग्नोर गर्न थाल्नुभयो । तैपनि उहाँले पार्वताको पिछ्रा छाड्नु भएन । सामाजिक सञ्जालमा पछ्राई रहनुभयो । म्यासेन्जरमा पनि कोट्याई रहनुभयो । त्यसपछि दुवै जनाको बीचमा पुनः कुराकानी शुरुभयो । त्यसपछि सुवाषले सिधै भेट्ने प्रस्ताव नै गर्नुभयो । पार्वता चौधरी साहित्यकार शान्ति चौधरीलाई भेट्न प्रसुती गृह जानुभएको थियो । उहाँले सुवाषलाई पनि त्यही बोलाउनुभयो ।

दुवै जनाको बीचमा पहिलो प्रत्यक्ष भेट त्यही प्रसुती गृहमा भएको थियो । म्यासेन्जरमा कुरा हुँदा सुवाषको बारेमा जे कल्पना उहाँले गर्नुभएको थियो, प्रत्यक्ष भेट्दा पनि त्यस्तै पाउनुभयो । सामान्य कुराकानी भयो । भेट्दै गरौं भनि सहमति दुवै जनाको बीचमा भयो । २०७२ जेठदेखि म्यासेन्जरमार्फत उहाँ दुवै जनाको बीचमा चिनजान भएर कुराकानी अगाडि बढेको थियो । भदौंसम्म दुवै जना डेटिङ गर्नुभयो । असोजमा दुवै जनाले विहे गर्नुभयो । दुवै जनालाई घरमा कुरा मिलाउन कुनै गाह्रो थिएन ।

सबभन्दा ठूलो कुरा जात मिल्यो । त्यसपछि व्यवहार पनि मिल्दै गयो । पार्वताले फोनबाट नै आफ्नो बुवालाई सुवाषको बारेमा जानकारी  गराउनुभएको थियो । पार्वताको प्रस्तावलाई बुवाले इन्कार गर्नुभएन । छोरी आफैले हेरेकी छिन् राम्रै होला नि भनेर ओके भन्नुभएको थियो ।

त्यसपछि सुवाष आफै पार्वताको बुवालाई भेट्न झापाको बिर्तामोड पुग्नुभएको थियो । सुवाष सप्तरीका भए पनि उहाँको परिवार सबै झापामा नै बस्छन् । त्यसले गर्दा सुवाषलाई सजिलो पनि भयो । सुवाषले भेटेपछि सबै कुरा सकारात्मक भएको थियो ।

त्यसपछि सुवाषले आफ्नो घरमा पनि कुरा राख्नुभएको थियो । सुवासका घरमा पनि सबै सकारात्मक हुनुहुन्थ्यो । २०७२ असोज २८ गते विहे भयो । अहिले पार्वताका दुई छोरा छन् । स्वर्णीम चौधरी युकेजीमा र अर्को छोरा सुप्रिम चौधरी एलकेजीमा पढ्दैछन् ।

**परिवार**

बुवा लालु चौधरी र आमा भंगीया चौधरीका कान्छी छोरी पार्वताका चार जना दाजु र एक जना दिदी हुनुहुन्छ । दाजु भोला चौधरी किसान हुनुहुन्छ भने राजु चौधरी व्यपार गर्नुहुन्छ । अर्का दाजु लिलाप्रसाद चौधरी प्रध्यापक हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ, थारु पत्रकार संघ र मधेशी पत्रकार संघमा आवद्ध पार्वता महिला बालबालिका तथा समाजकल्यण मन्त्रालय र अरेक नेपालबाट सम्मानित हुनुभएको छ । नेपाल पत्रकार महासंघबाट उहाँले लेखनवृद्धि पनि पाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'यदि म वीरगञ्ज नआएको भए सायद नर्स हुन्थे, वीरगञ्ज आएपछि वतावरणले साथ दियो र पत्रकारितामा लागेको थिए र आज मेरो पेसा पत्रकारिता हुनुमा वीरगञ्जको धेरै ठूलो हात छ ।' पार्वताको जन्मभूमी झापा हो भने कर्मभूमी वीरगञ्ज हो ।

ब्याचल पढ्दा नै पार्वताले काम गर्न सुरु गर्नुभएका थियो । जुन कुरा उहाँका आमा बुवालाई मन परेको थिएन । उहाँहरुको चाहना छोरी पहिला मज्जाले पढुन् त्यसपछि मात्र जागिरतिर जाउन भन्ने थियो तर पार्वता आफ्नो खुट्टामा उभिएर अगाडि बढ्ने सोचिसक्नु भएको थियो र यही कुरा भनेर आफ्नो आमा-बुवा र दाजुहरुलाई सम्झाउनु हुन्थ्यो ।

पार्वताको परिवार हुनेखाने परिवार हो । कुनै कुराको अभाव थिएन । आफनो गाउँ ठाउँको जमिन्दार नै हुनुहुन्थ्यो पार्वताका बुवा । त्यसैले आर्थिक अभावको सामना कहिले गर्नुपरेन । तर पार्वता आफ्नो खर्च आफ्नै कमाईबाट गर्न चाहनुभएको कारण पढाईसँग काम गर्न थाल्नुभएको थियो । अहिले पनि उहाँ पत्रकारिताका साथै कलेज पनि पढाउनु हुन्छ । अन्त्यमा उहाँले भन्नुभयो, 'मधेशी त्यसमा पनि थारु भएको कारणले बेलाबेलामा विभेदको अनुभव गर्छु र त्यसले गर्दा कतिपय अवस्थामा पछाडि पनि परेको छु तर हरेक कुराको सामना गर्दै अगाडि बढि रहेको छु ।'

# भन्ने एकथरी, गर्ने अर्कोथरी

'पाँच सय/हजारमा हामी भोट बेच्छौं, हामीले भोट बिक्री गरेका होइनौं, आफ्नो भविष्य बेचेका हुन्छौं । त्यसैले हामी बारम्बार धोका खाइरहेका छौं, बालबच्चाको टाउकोमा हात राखेर कसम खानुस् कि आउने चुनावमा लाउडस्पिकर छापमै मोहर मार्छौं, जनमत पार्टीलाई नै जिताउँछौं ।' महोत्तरीको बर्दिबासस्थित किसान नगरमा २०७८ कात्तिक ६ गते जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले आमसभालाई सम्बोधन गर्दै दिनुभएको अभिव्यक्ति हो ।

उहाँ त्यतिकैमा रोक्नु भएको थिएन, उहाँले त्यहाँ भन्नुभएको थियो, 'जुन दिन जनमत पार्टी सत्तामा आउँछ, त्यो दिन जनताको घरघरमा एउटा एउटा सिमकार्ड दिन्छौं, हामी केही गर्नुभन्दा पहिला जनतालाई सोध्छौं, मोबाइलबाट जनताको अभिमत लिन्छौं । के काम गर्ने, न गर्ने जनताले निर्धारण गर्छ, नेता ठेकेदारले होइन् ।' यस्ता अभिव्यक्ति दिएको झण्डै दुई वर्ष भइसकेको छ । जनमत पार्टी तीनटै तहको सरकारमा सहभागी छ । कति जनाले सीम पाए भनि जनताले प्रश्न गर्न थालेका छन् । छोराछोरीको कसम खुवाएर मत माग्नुभएका सिके राउतले आफैले गर्नुभएको एक-एक प्रतिवद्धता बिर्सिन थालेको भनि गुनासो हुन थालेका छन् ।

त्यही कार्यक्रममा उहाँले आफ्नो खल्तीबाट औषधी निकालेर देखाउँदै भन्नु भएको थियो, 'यो दवाईको म्याद गुज्रियो भने दवाइले काम गर्छ त ? यो दवाइ खाइयो भने उल्टै हानी गर्छ । पुरानो सबै पार्टी सबै डेट एक्सपायर भएको पार्टी हो । जनमत पार्टी नयाँ टेबलेट (दवाइ) निकालेको छ, जुन बारबार टेस्ट भएर आएको छ । यहि टेबलेट खानुपर्छ । लाउडस्पिकर छापमै मोहर लाउनुपर्छ, मधेशको इलाज (उपचार) जनमत पार्टीले मात्रै गर्न सक्छ ।' जनतालाई आकर्षित गर्न, मतदाता तान्न यस्ता अभिव्यक्ति उहाँले कति दिनुभयो कति । तर उहाँको भाषण गराई र कार्यान्वयमा आकाश जमिनको फरक छ । उहाँले भन्नुभयो एकथरी गरिरहनु भएको छ अर्कोथरी । जसपा संघ, मधेश प्रदेश र लुम्बनी प्रदेश सरकारमा सहभागी छ । तर वाचा गरे अनुसार जनताले जनमत सरकारको अनुभूति गर्न नसकेका गुनासो भइरहेको छ । जनमत पार्टीका अध्यक्ष डा.सिके राउतका सबभन्दा बढी चर्चामा रहेको नारा '१० लाख युवालाई रोजगारी' थियो । निर्वाचनको समयमा गाउँगाउँ, घरघर गएर मत माग्दा यो नारालाई सबभन्दा 'हाइलाइट' उहाँले गर्नुभएको थियो । प्रत्येक घरमा एउटा रोजगार दिने र अब विदेशमा काम गर्नै पर्दैन, वैदेशिक रोजगारमा जानै पर्दैन, वैदेशिक रोजगारमा रहेकालाई पनि फिर्ता बोलाउने जस्ता नारा दिएर मत माग्नु भएको थियो । तर चुनाव जितेर आएको यात्रो भइसक्दा पनि एक जनालाई पनि रोजगारी दिलाउन नसक्नु भएको गुनासा भइरहेको छ । कही एउटा सानो उद्योग खोलाउन सक्नुभएको छैन । उद्योग खोलेर युवालाई रोजगारी दिने तयारी सिके राउतको थियो । त्यसका लागि उहाँले उद्योग मन्त्रालय माग गर्नुभएको थियो ।

किसानलाई मल तथा बीउ उपलब्ध गराउने, मल कारखाना खोल्ने वाचा पुरा गर्नका लागि उहाँले कृषि मन्त्रालय माग्नुभएको थियो । तर यी दुई मन्त्रालयमध्ये कुनै पाउनुभएको छैन । अब उहाँले जनतालाई दिनुभएको आश्वासन कसरी पुरा गर्ने भनि टिप्पणीहरु भइरहेका छन् । उद्योग वा कृषि मन्त्रालयमध्ये एउटा कुनै मन्त्रालय पाउनुपर्ने माग सिके राउतको थियो तर सुरुमै खानेपानी मन्त्रालय पाउनु भएको थियो । उद्योग मन्त्रालय वा कृषि मन्त्रालय नपाएको भन्दै खानेपानी मन्त्रालय अस्विकार गर्नुभएको थियो । पछि खानेपानी मन्त्रालय साटि दिने आश्वासन प्रधामन्त्री प्रचण्डबाट पाएपछि केही समय खानेपानी मन्त्रालयमा पठाउनुभयो । पछि आश्वासन अनुसार मन्त्रालय नपाएपछि मन्त्री नै फिर्ता पठाउनुभयो । लामो बार्गेनिङपछि उहाँले अहिले समान्य प्रशासन मन्त्रालय पाउनुभयो ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले गरेको वाचा यो मन्त्रालयले पुरा गर्ला त भनि प्रश्न उठेको छ । सरकारसँग विकासे मन्त्रालय माग गर्दा गर्दै भएको खानेपानी मन्त्रालय गुमाउनु भएको थियो उहाँले । अहिले समान्य प्रशासन मन्त्रालयमा चित्त बुझाउनु परेको छ । के यो मन्त्रालयले युवालाई रोजगारी दिन सक्छ, किसानलाई मल र बीउ दिन सक्छ, प्रत्येक घरमा सीम दिनसक्छ भनि प्रश्न सिके राउतका लागि तेर्सिएको छ । उपाध्यक्ष वसन्त कुशवाहा भन्नुहुन्छ, 'हामीले मागेको विकासे मन्त्रालय नै हो, दिए पो लिनु, विकासे मन्त्रालयको प्रतिक्षामा बसियो भने पाएको मन्त्रालय पनि गुमाउने अवस्था आउनसक्छ त्यसैले हामीले पाएको मन्त्रालयबाट नै जनताको हितमा काम गर्नुपर्छ ।'

# भण्डारी सक्रिय भएपछि ओलीले खोजे रावलको साथ

'हाम्रो पार्टीभित्र कुनै समस्या आउँछ कि, ल्याउन सकिन्छ कि भनेर फेरि कोसिश भएको छ, पूर्वराष्ट्रपति विद्या भण्डारीजी हाम्रो पार्टीका सबै नेताहरूको, राष्ट्रपति भएर एउटा आदरणीय व्यक्तित्व पनि उहाँ हुनुहुन्छ र फेरि त्यो भन्दा अगाडि नजिकको मित्र हो । हाम्रो पार्टीको उपाध्यक्ष हो । हाम्रो पार्टीको आदरणीय व्यक्तित्व हो । हामीमध्ये कसैले भेट्नु, कुरा गर्नु भनेको ठूलो कुरै होइन । विष्णु पौडेलजीले मात्रै होइन मैले पनि कुरा गरेको छु । अरूले पनि कुरा गर्नुभएको छ । यस्तो कुरा गरेको विषयलाई कार्ड छपाएर लिएर जानुभयो रे, पार्टीमा आइदिनुपर्यो भनेर निम्ता गर्न भन्ने यो खालका प्रयासहरूलाई मलजल नगर्दा राम्रो हुन्छ ।'

साउन २८ गते च्यासलस्थित एमाले पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले दिनुभएको प्रतिकृया हो यो । यो प्रतिकृयाबाट प्रष्ट हुन्छ कि पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीबाट अध्यक्ष ओली कति तर्सिनु भएको छ । २०७९ फागुनमा राष्ट्रपतिबाट हट्नु भएका भण्डारी पुनः राजनीतिमा सक्रिय हुने विषयलाई लिएर एमाले पार्टीभित्र गरमागरम बहस भइरहेको छ । एमालेका नेताहरु भण्डारीको निवास बुढानिलकण्ठमा गएर यस विषयमा पटक पटक छलफल चलाइ रहनुभएको छ । पूर्वराष्ट्रपति भण्डारी पनि आफू एमालेमा पुनः सक्रिय हुने इच्छा देखाउनुभएको उहाँसँग भेटेका नेताहरुले बताउनुभएको छ ।

पूर्वराष्ट्रपति भण्डारी एमालेमा फर्केपछि त्यसको सिधा असर एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पर्ने निश्चित छ । उहाँ एमालेमा फर्केपछि सिधै पार्टीको कार्यकारी भूमिकामा जाने अर्थात पार्टीको अध्यक्ष नै बन्नुहुन्छ । र, अहिले एमाले पार्टीमा ओलीको विकल्प पनि खोजी भइरहेको रहेको छ । ओलीकै कारण एमाले कमजोर हुँदै गइरहेको निष्कर्ष कतिपय नेताको छ तर उहाँको डरले नेताहरुले मुख खोल्न सकिरहेका छैनन् । ओलीलाई जवाफ दिने एक जना नेता हुनुहुन्थ्यो भिम राउवलाई उहाँलाई पार्टीबाट लगभग अलग जस्तै गर्नुभएको थियो । अहिले पुनः छलफल गरेर ल्याउने प्रयास गरिरहनु भएका छ । त्यस्तै, घनश्याम भुसालले पनि ओलीको कतिपय कुराप्रति असहमति जनाउनु हुन्थ्यो उहाँलाई पनि पार्टीबाट निकाल्नु भएको छ । अर्थात ओलीलाई जजसले चुनौती दिनुभयो सबैलाई किनारा लगाउनुभएको छ ।

सुरुदेखि ओलीका लागि चुनौतीको रुपमा रहेको विद्यादेवी भण्डारी पुनः पार्टीमा फर्किने थाह पाएर चिन्तित हुनु स्वभाविक हो । त्यसैले त्यो दिनको पत्रकार सम्मेलनमा पत्रकारमाथि पनि भड्किनु भएको थियो । उहाँ अझै एमाले पार्टीको अध्यक्षमै रहन चाहनु भएको छ । त्यसैले त ७० वर्षे उमेरहदको प्रावधान हटाएर पार्टीको 'आजीवन अध्यक्ष' बन्ने बाटोमा उहाँ लाग्नुभएको छ । राष्ट्रपति बन्नुअघि भण्डारी पार्टीको उपाध्यक्ष हुनुहुन्थ्यो । उहाँ सुरुदेखि पार्टीकै कार्यकारी भूमिकामा रहन मन पराउनुभएको थियो । उहाँलाई पार्टीले सभामुख बनाउन खोज्दा पनि अस्विकार गर्नुभएको थियो । पार्टीमा काम गर्ने इच्छा रहेको भन्दै उहाँ त्यतिबेला सभामुख लिन इन्कार गर्नुभएको थियो तर अध्यक्ष ओलीले आफ्नो बाटोबाट हटाउनका लागि विद्यादेवी भण्डारीलाई राष्ट्रपति बनाउनु भएको थियो ।

राष्ट्रपति भएपछि सक्रिय राजनीतिमा आउनु हुँदैन भनि कतै लेखिएको छैन तर प्रतिष्ठित पद भएको कारण राजनीतिमा नआउँदा नै बेस हुने एउटा मान्यता रहेको छ । तर त्यो मान्यतालाई खारेज गर्दै भण्डारी राजनीतिमा पुनः सक्रिय हुने मन बनाई रहनुभएको स्रोतको दावी छ । सायद त्यही कारणले सरकारले दिएका कुनै सुविधा लिनुभएको छैन । भण्डारी एमाले पार्टीमा फर्किने सुरसार गरिरहेको थाह पाएर एमालेका अध्यक्ष ओलीले पार्टीका अर्का उपाध्यक्ष भिम रावलसँग संवाद अगाडि बढाउनुभएको छ । ओलीको क्रियाकलापबाट असन्तुष्ट भएर रावल अलगथलग बस्नुभएको थियो । ओलीको पक्षबाट भण्डारीलाई कसैले काउण्टर दिनसक्छ भने त्यो हुन् भीम रावल ।

**महन्थ...**

उहाँले दावी गर्नुभयो । नेपाल सरकारले मन्त्रिपरिषदबाट निर्णय गरेर २०६८ सालमा निजामती कर्मचारीका तीनवटै राष्ट्रिय संगठनहरुलाई बबरमहलमा एक-एक रोपनी जग्गा भोगाधिकार दिएको थियो । एमाले सम्बद्ध निजामती कर्मचारी संगठन, कांग्रेस सम्बद्ध कर्मचारी युनियन र मधेसी मोर्चा आबद्ध कर्मचारी मञ्चले सरकारी जग्गा पाएका थिए । सो जग्गामा निजामती कर्मचारीका पेशागत संगठनबाहेक अरु कार्यालय राख्न नपाउने र व्यवसायिक प्रयोजनमा लगाउन पनि नपाइने शर्त छ । तर मञ्चले छ वर्षदेखि लोसपालाई त्यो भवनमा बस्न दिएको छ र त्यसबापत मञ्चले मोटो रकम पनि बुझेको पार्टीका नेताहरु बताउनुहुन्छ । २०६९ मा भवन निर्माणको शिलान्यास लोसपाका अध्यक्ष ठाकुरले नै गर्नुभएको थियो ।

**बालुवाटा...**

सूचीमा गच्छदारको नाम छ तर पक्राउ परिरहेको छैन । धुम्बाराही र बालुवाटारमा के खिचरी पाक्यो जसले गच्छदार पक्राउ परिरहेको छैन प्रहरीका तल्लो दर्जाका प्रहरीले टिप्पणी गरिरहेका छन् । उनीहरु भन्छन्, 'हामी गच्छदारलाई खोजी रहेका छौं तर फेल परेको छैन ।'

ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा गच्छदारसहित अन्य पूर्व मन्त्रीहरूले 'सरकारी लिखत किर्ते' गरेर व्यक्तिको नाममा लैजान भूमिका खेलेको आरोप छ । विजय गच्छदार २०६७ मा भौतिक योजना तथा निर्माण मन्त्री हुनुहुन्थ्यो । २०६७ असारमा मन्त्रालयमा शाखा अधिकृत हुँदा हाल सञ्चार मन्त्रालयका सचिव कृष्ण राउतले विशिष्ट व्यक्तिहरूको निवास बिस्तार सम्बन्धमा गुरुयोजना तयार गर्ने प्रस्तावको टिप्पणी उठाउनु भएको थियो ।

राउतले उठाएको टिप्पणीलाई तत्कालीन सह-सचिव नारायण गोपाल मलेगोले 'राय सहित' भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव दीप बस्न्यातकहाँ पेस गर्नुभएको थियो । बन्स्यातले 'राय' सहितको प्रस्ताव सदर गरेर तत्कालिन मन्त्री गच्छदार कहाँ पेस गर्नुभएको थियो । सो प्रस्ताव राज्यमन्त्री सञ्जय शाह र उप-प्रधानमन्त्री गच्छदारले सदर गरेर मन्त्रिपरिषद्मा लग्नुभएको प्रहरीले तयार पारेको प्रतिवेदनमा उल्लेख छ ।

२०२७ सालदेखि लगातार काँग्रेस पार्टीमा लाग्नुभएका गच्छदार सो पार्टीमा 'क्रान्तिकारी' नेताको रूपमा पनि चिनिनु हुन्थ्यो । जतिबेला उहाँ पार्टीमा गिरिजा प्रसाद कोइरालादेखि कृष्णप्रसाद भट्टराई र शेरबहादुर देउवासम्मको सामु खरो नेता हुनुहुन्थ्यो । त्यसैले काँग्रेसमा पनि उहाँले राम्रैसँग शक्तिको प्रयोग गर्नुभयो ।

२०२७ सालमा उहाँ मोरङ कलेजका विद्यार्थी नेता हुनुहुन्थ्यो । नेवि संघको प्रमुख व्यक्तिका रूपमा परिचित त्यतिबेला गच्छदारले तत्कालीन काँग्रेस नेता हरि न्यौपानेका साथमा राजनीतिक गर्नुभएको थियो । २०३१ सालमा विमान अपहरण हुँदा त्यसमा मुछिनु भएका गच्छदारलाई भारतमा भूमिगत हुनुपरेको थियो । उहाँमाथि विभिन्न आरोप लगाएर नेपाल प्रहरीले वान्टेड जारी गरेको थियो । तर पक्राउ गर्न सफल भएको भएको थिएन ।

२०३६ सालमा जनमत संग्रहमा भाग लिन नेपाल आउनु भएको गच्छदार २०३९ सालमा भएको एउटा गोली काण्ड भएको थियो त्यसमा उहाँ मुछिनु भएको थियो । त्यसमा उहाँ पक्राउ पर्नुभएको थियो । उहाँमाथि ज्यान मुद्दा चलेको थियो । २०४२ मा जेलबाट रिहा भएपछि पार्टीको काममा सक्रिय हुनुभएको थियो । २०४६ सालको परिवर्तनपछि २०४८ सालमा उहाँ चुनाव जित्नुभयो । २०५९ सालमा काँग्रेस विभाजित हुँदा उहाँ शेरबहादुर देउवाले गठन गर्नुभएको काँग्रेस (प्रजातान्त्रिक) मा लाग्नुभएको थियो । पछि काँग्रेससँग एकता भयो तर उहाँ सो पार्टीमा लामो समय रहनसक्नु भएन ।

मधेश आन्दोलनको समयमा तत्कालिन मधेशी जनअधिकार फोरममा प्रवेश गर्नुभयो तर त्यहाँ पनि उहाँ टिक्न सक्नुभएन । पार्टी विभाजन गरेर अलग हुनुभयो तर आफ्नो पार्टी पनि लामो समय चलाउन सक्नु भएन काँग्रेसमा प्रवेश गर्नुभयो । काँग्रेस पार्टीमा प्रवेश गरेपनि उहाँलाई समयले साथ दिइरहेको छैन । विभिन्न लफडाहरु सहदै आउनुभएको छ । अहिले ललिता निवास काण्डमा उहाँ प्रहरीको 'वान्टेड' मा पर्नुभएको छ ।

**चित्रलेखाको...**

गरेको छैन । सम्झौता कार्यान्वयन नभएको कारण सिरहाका खेलाडीहरुले बलानमा रहेको त्यो चाइना क्याम्पमा ताल्चा लगाई दिएका थिए । त्यसपछि चाइनिजहरु सबै काम गर्नका लागि थप एक महिनाको समय माग गरेको छ । एक महिनाभित्र पर्खाल लगाउन सुरु गर्ने प्रतिवद्धता जनाएको छ । यदि पर्खाल लगाएन भने पुन तालबन्दी गर्ने एक खेलाडीले सहारा टाइम्सलाई बताए । तीन वर्षका लागि सम्झौता गरिएको थियो । त्यसको म्याद सकिएपछि पुनः पाँच वर्षका लागि सम्झौता गरेको छ ।

यसबाट पुष्टि हुन्छ कि चाइनिजहरु अझै पाँच वर्ष त्यहाँ रहने निश्चित छ । सकड विस्तारको म्याद सकिएको छ । त्यसको म्याद पनि थपिएको स्रोतले जनाएको छ । तर कति वर्षका लागि थपिएको त्यो बताउन चाहेन । त्यहाँबाट भारतीय सीमा २० किलोमिटर मात्र टाढा छ । बोर्डरमा भारतविरोधी गतिविधि हुनेमा लहानवासीले पनि शंका गरेको छ । तराई मधेशका मधेशीहरुसँग सम्बन्ध बढाउँदै सीमा क्षेत्रहरुमा पनि उनीहरु घुम्न गइरहेका हुन्छन् । चित्रलेखा यादवले त्यो क्याम्पमा आफ्नो एक जना मान्छे जागिरमा राख्नु भएको छ । सुशिल साह नामका ती व्यक्ति पहिला पनि त्यही होटलमा काम गर्नुहुन्थ्यो । चाइनिजहरु सो होटल भाडामा लिएपछि सुशिल पनि त्यही क्याम्पमा काम गरिरहनु भएको छ । स्रोत भन्छन्, 'स्थानीय स्तरमा सम्बन्ध बनाई दिनेमा सुशिलले पनि सहयोग गरिरहनु भएको छ ।



# जयाप्रदालाई ६ महिनाको जेल

अभिनेत्रीबाट राजनीतिज्ञ बनेकी जयाप्रदालाई चेन्नईको एक अदालतले ६ महिनाको जेल सजाय सुनाएको छ । यो मुद्दा रोयापेट्टामा रहेको उनको आफ्नै थिएटरसँग सम्बन्धित छ, जहाँ कर्मचारीहरूले उनीविरुद्ध निवेदन दिएका थिए । अदालतले यस सम्बन्धमा जयाप्रदालाई ५ हजार रुपैयाँ जरिवाना समेत गरेको छ ।

एक रिपोर्टका अनुसार जयको यो थिएटर उनको व्यापारिक साझेदार रामकुमार र राजा बाबुले हेर्ने गरेका थिए । थिएटरले आफ्ना कर्मचारीहरूलाई ईएसआई (कर्मचारी राज्य बीमा निगम) दिन नसकेपछि सबै कर्मचारी अदालत गएका थिए । यद्यपि जयाप्रदाले मुद्दा खारेज गर्न अदालतमा अपील गर्दै आफ्ना कर्मचारीहरूलाई पूरा रकम दिने वाचा गरेकी थिइन् । तर श्रम सरकारी बीमा संस्थानका वकिलले उनको अपीलमा आपत्ति जनाएका थिए ।

यो मुद्दामा जयप्रदा र यस थिएटरसँग सम्बन्धित अन्य तीन जनालाई ६ महिनाको जेल सजाय सुनाइएको छ । सबैलाई ५ हजार जरिवाना समेत तिर्न भनिएको छ । तर, अहिलेसम्म यस मुद्दामा जयप्रदा पक्राउ परेकी छैनन् । जया ७० र ८० को दशकमा बलिउड र तेलुगु सिनेमाको प्रतिष्ठित स्टार थिइन् । इन्डस्ट्रीमा उनलाई श्रीदेवीजस्ता महिला सुपरस्टारसँग तुलना गरिन्थ्यो । दुवै एक अर्काका प्रतिस्पर्धी थिए ।

बलिउडमा जयाले तोहफा, शराबी, आखरी रास्ता, आज का अर्जुन र थानेदार जस्ता धेरै हिट फिल्म दिएकी थिइन् । उनले सन् १९९४ मा चलचित्र छोडेर राजनीतिमा लागेकी थिइन् । जयाप्रदाले समाजवादी पार्टीबाट दुई पटक लोकसभामा रामपुरबाट प्रतिनिधित्व गरिसकेकी छिन् । उनी सन् २००४ र २००९ मा रामपुर सिटबाट सांसद निर्वाचित भएकी थिइन् । यसपछि उनले २०१४ र २०१९ मा रामपुर सिटबाट पुनः चुनाव लडिन् तर दुवै पटक पराजित भएकी थिइन् ।

# आमा बनिन् गरिमा पन्त

अभिनेत्री गरिमा पन्त दोस्रो पटक आमा बनेकी छन् । दुई वर्षअघि पहिलो सन्तानको रुपमा छोरीलाई जन्म दिएकी उनलाई दोस्रो सन्तान पनि छोरी नै भएको छ । उनले दुई छोरीको तस्विर सामाजिक सञ्जालमा सेअर गर्दै खुसी साटेकी छन् । गरिमाले आइतबार बेल्जियमको अस्पतालमा छोरीलाई जन्म दिएको जानकारी प्राप्त छ । पहिलो छोरी पनि उनले बेल्जियममा नै जन्म दिएकी थिइन् ।

२०७३ सालमा बेल्जियम बस्ने हरि थपलियासँग विवाह बन्धनमा बाँधिएपछि गरिमाले फिल्मबाट दूरी बनाएकी छन् । उनले फिल्ममा काम नगरेको ७ वर्षभन्दा बढी भइसकेको छ । पछिल्लो पटक फिल्म ‘ तीन घुम्ती’ मा देखिएकी उनले २०७० सालमा प्रदर्शन भएको फिल्म ‘झोला’ बाट राष्ट्रिय अवार्डका साथै सार्क फिल्म फेस्टिभलमा सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड समेत जित्न सफल भएकी थिइन् । अहिले उनले श्रीमानसँग मिलेर बेल्जियममै व्यवसाय सञ्चालन गर्दै आएकी छन् । सोझी र भलाद्मी अभिनेत्रीको छवि बनाएकी उनले ‘जीवन मृत्यु’, प्रितीको फूल’, ‘दिदी भाई’, ‘मनले मनलाई छुन्छ’, ‘ठूली’, ‘फूल, ‘सुन्दर मेरो नाम’लगायतका दुई दर्जन बढी फिल्ममा अभिनय गरेकी छन् । उनको डेब्यू फिल्म भने ‘निखिल दाई’ थियो । यसपछि उनको करिअर सुखद रुपमा अगाडि बढेको थियो ।

## देउवा-ओली...

होइन, यो गठबन्धनको सरकार हो, गठबन्धन सरकारको आफ्नै नीति तथा कार्यक्रम छ, सरकारले केही गर्छ भने त्यसको जवाफदेही सबैले लिनुपर्छ, तर तपाई एक्लैले सबै थोक गरे जस्तो गरिरहनु भएको छ, जो राम्रो नभएको कुरा राख्नु भएको देउवा निकट स्रोतले जनाएको छ ।

त्यसको जवाफमा उपप्रधानमन्त्री श्रेष्ठले आफूले विधि र प्रकृयाको दायरामा रहेर प्रधानमन्त्री प्रचण्डसँग सल्लाह गरेर नै विभिन्न कारवाही प्रकृया अगाडि बढाएको बताउँदै सरकारले गरेको यो कामको सबैतिर प्रशंसा भइरहेको कुरा पनि देउवा समक्षा राख्नु भएको थियो । गृह प्रशासनबाट यदि कुनै गल्ती भएको छ भने त्यसको बारेमा सल्लाह गर्न सकिन्छ, छलफल गर्न सकिन्छ, तर यो गठबन्धनको सरकारले गरेको कामको जस अपजस हामी सबैले लिनुपर्ने धारणा राखेर धुम्बाराहीबाट उहाँ फर्किनु भएको थियो ।

**ओलीसँग काँग्रेसका नेताहरु**

काँग्रेसका नेताहरुले एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग आन्तरिक रुपमा संवाद सुरु गरिसक्नु भएको छ । पार्टीका नेता शेखर कोइरालादेखि नेता विमलेन्द्र निधिसम्मले एमालेका अध्यक्ष ओलीसँग आन्तरिक रुपमा छलफल गरिरहनु भएको छ । तर ‘हाइलेवल’ बाट हरियो सिङ्गनल नआएसम्म कुरा आगाडि नबढेको हो । स्रोत भन्छन्, ‘काँग्रेस-माओवादी गठबन्धन जोगाउनका लागि भारतले टेको दिएको छ भारतले नचाहेसम्म यहाँ केही हुनेबाला छैन, देउवाले एमालेतिर मन न डौडाउनुको कारण पनि यही हो ।’

**बालकृष्णलाई पटाउदै शेखर**

सभापति देउवाबाट दबाव बढाउनका लागि नेता शेखर कोइरालाले साउन ३१ गते बालकृष्ण खाँणलाई भेट्न जेल नै पुग्नुभएको थियो । बालकृष्ण खाँण देउवा पक्षका नेता हुनुहुन्छ । बालकृष्णले भनेको कुरा देउवाले मान्नु हुन्छ । त्यही भएर उहाँले जेलमै गएर उहाँलाई भेट्नु भएको छ । बालकृष्णलाई जेलबाट निकाल्न सहयोग गर्ने वाचा शेखर कोइरालाले गर्नुभएको काँग्रेस स्रोतको दावी छ । त्यसको बदलामा सत्ता गठबन्धन परिवर्तन गर्नका लागि देउवालाई कन्भिन्स गर्नुपर्ने सर्त अघि सारेको त्यो स्रोतले दावी गरेको छ ।

बालकृष्ण र शेखर एउटै पार्टीमा भएपनि दुई विपरित ध्रुवका हुनुहुन्छ । १४ औं महाधिवेशनमा शेखर सभापतिका उम्मेदवार हुनुहुन्थ्यो । शेखरलाई हराउनका लागि बालकृष्णले कुनै कसर बाँकी राख्नुभएको थिएन । त्यतिबेला बालकृष्ण गृहमन्त्री हुनुहुन्थ्यो । आफ्नो शक्तिको आडमा बालकृष्णले नै शेखरलाई हराएको शेखर गुटको बुझाई छ ।

तर अहिले त्यही शेखर माआवादी-काँग्रेसको गठबन्धन भत्काउनका लागि बालकृष्णलाई गुहार्नु भएको छ । अहिले कानुन मन्त्री धनराज गुरुङ शेखर कोइरालाका खास मान्छे हुनुहुन्छ । शेखरकै कोटामा उहाँ मन्त्री बन्नुभएको छ । शेखर कोइरालाले भनेको कुरा एउटा पनि खेर जाँदैन । बालकृष्ण खाँरलाई निकाल्नुपर्छ यदि शेरखले भन्नुभयो भने मन्त्री गुरुङ ज्यानको बाजी लगाएर भए पनि निकाल्नु हुन्छ ।

शेखर कोइराला त्यही तयारीमा लाग्नुभएको स्रोतले दावी गरेको छ । उच्च अदालतले खाँणको रिटमा प्रारम्भिक सुनवाइ गर्दै पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेशको कैफियत प्रतिवेदन झिकाइसकेको छ । जिल्लाले पनि सो आदेशको कैफियत प्रतिवेदन उच्च अदालतमा पठाइसकेको छ । अब उच्च अदालतले खाँणलाई रिहा गर्ने कि जिल्लाकै आदेश सदर गरेर थुनामै राख्ने कि के गर्ने त्यस बारेमा निर्णय लिन बाँकी छ । कानुन मन्त्री गुरुङ यहाँ खेल्ने सम्भावना प्रवल रहेको स्रोतले दावी गरेको छ ।

**निधिको दौडधुप**

यता, यसअघि एमाले-काँग्रेसको गठबन्धन बनाउन नसकेको आरोप निधिले आजसम्म झेलिरहनु भएको छ । २०७९ को चुनावपछि पाँच दलीय गठबन्धनमा विवाद देखिएको थियो । त्यसले गर्दा एमाले-काँग्रेस गठबन्धनको सरकार बनाउने प्रयास भइरहेको थियो । त्यसका लागि नेता निधिले निकै प्रयास गर्नुभएको थियो । प्रचण्डले पहिलो चरणमा काँग्रेसलाई प्रधानमन्त्री नदिएपछि पार्टीमा सल्लाह गरेर नै निधिले पुस ९ गते एमालेका अध्यक्ष ओलीलाई भेट्न बालुवाटार जानुभएको थियो ।

ओलीसँग भेटेर काँग्रेस-एमाले गठबन्धनको सरकार बनाउने सहमति गर्नुभएको थियो । त्यो दिन ओलीले देउवालाई प्रधानमन्त्री बनाउन तयार हुनुभएको थियो । यो खबर निधिले तत्कालै प्रधानमन्त्री देउवालाई गर्नुभएको थियो । जसरी यो खबर देउवाले पाउनुभयो त्यसरी नै प्रचण्डले पनि बालकोटबाट पाउनुभयो । प्रचण्डले तत्कालै निधिलाई फोन गरेर भेट्न भन्नुभएको थियो ।

तर राती भएको कारण अहिले न भेट्ने भोली विहानै खुमलटार आउने निधिले भन्नुभएको थियो । भोलीपल्ट निधि विहानै खुमलटार पुग्दा प्रचण्ड रिसले आगो हुनुभएको थियो । निधिलाई सिधै गठबन्धन तोड्न तपाई कसरत गर्ने, गठबन्धन तोड्न तपाईलाई कसले लगाएको जस्तो कुरा भन्नुभएको थियो ।

लगभग त्यो दिन निधि र प्रचण्डबीच ठासठुस नै परेको थियो । प्रचण्डले देउवासँग पनि गुनासो गर्नुभएको थियो । नहुँदै प्रचण्डले ओलीसँग मिलेर गठबन्धन बनाउनुभयो । पछि काँग्रेससँग मिल्नुभयो तर निधिलाई अहिले पनि एमाले-काँग्रेस गठबन्धन बनाउन नसकेकोमा ग्लानी भइरहेको छ । त्यसैले अहिले पनि उहाँ माओवादीसँग साथ छोडाएर एमाले-काँग्रेसको गठबन्धन बनाउने कसरतमा लाग्नुभएको छ ।

**उपेन्द्र यादवको चासो**

यसमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि साथ दिइरहनु भएको छ । १७ वर्ष पुरानो रौतहटको गौर घटनाको फाइल माओवादी नेतृत्वको सरकारले खोलेपछि जसपाका अध्यक्ष यादव असन्तुष्ट बन्नुभएको छ । उहाँ पनि माओवादीबाट काँग्रेसलाई अलग गरेर एमालेसँग मिलाउने कसरतमा लाग्नुभएको छ । स्रोतका अनुसार यस विषयमा अध्यक्ष यादवले एमालेका अध्यक्ष ओलीसँग पटक पटक भेटेर कुराकानी अगाडि बढाउनु भएको छ ।

जसपासँग निर्णायक मत छ । त्यो पार्टीले बीचमा चलखेल गर्न सुरु गरेपछि गठबन्धन भत्किन बेर नलाग्ने जानकारहरु बताउँछन् । जसपाका अध्यक्ष यादव गौर घटनामा दोषी भएर कारवाही भोग्न तयार देखिनुभएको छैन । यता, माओवादी जसपाका अध्यक्ष उपेन्द्र यादवमाथि हालसम्म सकारात्मक देखिएको छैन । त्यसैले उपेन्द्र यादव आफूलाई बचाउनका लागि जे पनि गर्न सक्नुहुन्छ भनि धेरैको बुझाई रहेको छ । तर जसपाका नेताहरुले आफ्ना पार्टीका अध्यक्ष यादव गठबन्धन फेरबदल गर्ने पक्षमा नरहेको दावी गर्नुभएको छ ।

**ओलीको तयारी**

काँग्रेसका केही शीर्ष नेताहरुको इसार पाएपछि एमालेका अध्यक्ष ओली पनि त्यसको आन्तरिक तयारीमा लाग्नुभएको छ । एमालेले अहिले जतिपनि गतिविधिहरु गरिरहेको छ ती सबै माओवादीको विरुद्धमा गरिरहेको छ । प्रहरीको वान्टेड सूचीमा काँग्रेसका नेता विजयकुमार गच्छदारको नाम छ । तर एमालेले गच्छदारलाई किन न पक्राउ गरेको सरकारलाई भन्दैन, कृष्ण बहादुर महरालाई किन न कारवाही गरेको भनि पटक पटक प्रश्न गरिरहेको छ ।

भुटानी शरणार्थी काण्डमा देउवा पत्नी आरजु देउवाको नाम पनि मुछिएको छ तर एमालेले त्यो कुरा बिर्सिसकेको छ तर माओवादीका कुनै नेताको फोटो कुनै सुनको व्यपारीसँग देखिएको छ भने त्यो कुरा पनि उठाउँदै कारवाहीका लागि संसद अवरोध गरिरहेको छ । सुनकण्डामा माओवादीको संलग्नता रहेको भन्दै एमालेले उच्च स्तरीय छानविनको माग गरेको हो । त्यस्तै पछिल्लो समय काँग्रेसका नेताहरुको इसारा पाएको कारण एमालेका अध्यक्ष ओलीले साउन ३१ गते राष्ट्रपति रामचन्द्र पौडेलेसँग पनि भेटेर छलफल गर्नुभएको छ । छलफलमा के कुरा भयो त्यो कुरा बाहिर आएको छैन ।






प्रोफाइल



# को हुन् दीपक साह जो थिए सिके राउतको ‘ब्याकअप’

सुनसरी भोकराहा नर्सिङका ४७ वर्षीय दीपक साह काठमाडौँको पुल्चोक इञ्जिनियर कलेजमा पढ्दा त्यहाँ मधेशीमाथि हुने विभेदसँग लड्नका लागि मार्सलआर्टस सिक्न बाध्य हुनु भएको थियो । पहाडी समुदायका विद्यार्थीले कहिले के बहानामा त कहिले के बाहनामा मधेशी विद्यार्थीलाई कुटपिट गर्थे । भारत-पाकिस्तान बीच म्याचमा मधेशी विद्यार्थीहरु भारतको पक्षमा हुँदा पनि उनीहरुले कुटपिट गर्थे, राम्रो पढाई गर्दा पनि उनीहरु झगडा गर्न आउँथे, मधेशीहरु राम्रो लुगा लगाएर हिड्दा पनि कुटपिटमै उत्रिन्थे, सरस्वती मन्दीर निर्माणका लागि चन्दा संकलन गर्दा पनि कुटपिट गर्थे । अर्थात कुनै न कुनै बहानामा मधेश विद्यार्थीहरुलाई हेप्ने, कुटपिट गर्ने जस्ता कार्य गरेको देख्दा दीपक साहले त्यसको रक्षाका लागि मार्सलआर्टसको ट्रेनिङ लिन बाध्य हुनु भएको थियो ।

उहाँले आफू मात्र होइन, त्यहाँ पढ्ने अरु १७-१८ जना मधेशका विद्यार्थीलाई पनि मार्सलआर्टको ट्रेनिङ दिनुभएको थियो । आफू सिकेर अरु मधेशी विद्यार्थीलाई दीपकले ट्रेनिङ दिन थालेपछि लगभग पहाडी विद्यार्थीले मधेशीमाथि गर्ने विभेद तथा कुटपिट गर्ने काम बन्द नै गरेका थिए । दीपक भन्नुहुन्छ, ‘हामीले मार्सलआर्टसको तालिम लिएको थाह पाएर हो कि अरु केही कारणले हो थाह छैन तर विगतको भन्दा त्यहाँका पहाडी समुदायका विद्यार्थी अलि शान्त र अनुशासित भएका थिए ।’

स्कलर सीपमा मेकेनिकल इञ्जिनियर अध्ययन गर्नका लागि दीपक साह त्यहीको होस्टलमा बस्नु भएको थियो । एक दिन रौतहटका नागेन्द्रराय यादवलाई मेसमा खाना खाने समय त्यहाँका पहाडी विद्यार्थीहरुले कुटपिट गर्न थालेपछि दीपक छोडाउन जानुभएको थियो । तर त्यो झगडामा दीपकको नाम पनि मुछियो । त्यसपछि उहाँमाथि विभिन्न आरोप लगाउँदै झगडा गर्ने निहुँ खोज्न थाले पहाडी विद्यार्थीहरुले । त्यसले दीपक साहलाई पनि डर लाग्यो । तर डराएर भएन उनीहरुसँग लड्नका लागि केही गर्नुपर्छ भनि उहाँले मार्सलआर्टसको ट्रेनिङ लिनुभएको थियो ।

त्यति गर्दा गर्दै उहाँ त्यो क्याम्पसमा मधेशी विद्यार्थीको नेता हुनुभयो । दीपक भएपछि मधेशी विद्यार्थीहरु सुरक्षित महसुस गर्न थाले । मधेशीहरु संगठित हुन थाले । त्यसको नेताको रुपमा दीपकले अगुवाई गर्न थाल्नुभयो । मधेशी विद्यार्थीको हकहितका लागि लड्नु भएका दीपक मधेशी समाजको दुखदर्द पनि महसुस गर्न थाल्नुभयो र त्यसको मुक्तिका कुरा गर्दै मधेशी एकतामा जोड दिन थाल्नुभयो । पढाई सकाएर जागिर गर्न थाले पनि मधेशीको हितमा काम गर्न छाड्नु भएन । जनमत पार्टीको माध्यमबाट आजसम्म उहाँले मधेशीका लागि संघर्ष गर्दै हुनुहुन्छ ।

### दुई ठाउँ स्कलरसीप

एकदेखि पाँच कक्षासम्म गाउँकै पृथ्वीनारायण प्राविमा पढ्नु भएका दीपक ६-७ सम्म जनता मावि नर्सिङमा पढ्नु भएको थियो । आठ कक्षा हरिनगरा हाइस्कुलमा पढ्नु भएका उहाँ नौदेखि मधुवनको स्कुलमा पढ्नु भयो । दीपक साह सधै पढाईमा अब्बल हुनुहुन्थ्यो । जहाँ पनि उहाँले पहिलो स्थान ल्याउनु भएको थियो । २०४८/०४९ सालमा जनता मावि मधुवनबाट प्रथम श्रेणीमा एसएलसी पास गर्नुभएका दीपक आइएससी पढ्नका लागि भारत विहारको विहार इन्टरमेडियट एजुकेशन काउन्सिल, विश्वकर्मा कलेज वीरपुर सुपौलमा हुनुभएको थियो ।

नाना (आमाको बुवा)को साथीको घरमा रहेर आइएससी पास गर्नुभएका दीपक काठमाडौँ आएर शिक्षा मन्त्रालयअन्तर्गत बङ्गलादेशका लागि टेक्सटाइल इन्जिनियरमा छात्रवृति खुलेको थियो । त्यसमा उहाँले फर्म भर्नुभयो र पास पनि हुनुभयो ।

त्यही बीचमा पुल्चोक इञ्जिनियर कलेजमा पनि स्कलरसीपका लागि फर्म खुल्यो । उहाँले त्यसमा पनि फर्म भर्नुभयो । त्यहाँ पनि पास हुनुभयो । अब कहाँ जाने उहाँलाई आपत आइलाग्यो । तर समयको हिसाब गर्दा बङ्गलादेशबाट इञ्जिनियरिङ पास गर्न ६-७ वर्ष लाग्ने, तर पुल्चोकबाट चार वर्षमै क्लियर हुने भएपछि उहाँले बङ्गलादेश जानु भएन । २०५२ भदौंमा पुल्चोकमै नाम लेखाएर पढाई सुरु गर्नुभएका थियो । पुल्चोकमा पढ्नका लागि उहाँ होस्टलमा बस्नु भएको थियो ।

पुल्चोकमा यसरी पढ्न थाल्नु भएको पहिलो होइन । यसअघि पनि ओभरसियरका लागि भर्ना हुनुभएको थियो उहाँ । भारतमा आइएससी पढ्न लाग्दा एक वर्षपछि उहाँले पुल्चोकमा ओभरसियर पढ्न थाल्नुभएको थियो । तर पहिला आइएसी नै उहाँले पास गर्नुभयो । त्यसपछि उहाँले ओभरसियर पढ्न छाड्नु भएको थियो । पछि त्यही स्कलरसीपमा इन्जिनियरिङ पढ्न थाल्नुभयो ।

### पहिलो पटक तीन महिनाको जागिर

चार वर्षमा रेगुलर इन्जिनियरिङ पास गरेपछि एक महिना ब्रेक लिएर उहाँ बाराको नेपाल पार्टीकल्स बोर्डसमा जागिर सुरु गर्नुभएको थियो । त्यहाँ तीन महिना मात्र काम गर्नुभयो । त्यो भन्दा राम्रो काम र सुविधा सिन्धुपाल्चोकको भोटेकोशी हाइड्रो पावर कम्पनी प्रा.लि.ले दिन थालेपछि बाराको जागिर उहाँले छाड्नुभयो ।

भोटेकोशीमा त्यतिबेला ५०-६० हजार रुपियाँ मासिक तलब थियो । बास, गाडीलगायत अन्य सुविधा पनि दिएको थियो । त्यसैले उहाँ बाराको कम्पनी छाडेर भोटीकोशी हाइड्रो पावरमा काम गर्न थाल्नुभएको थियो । सबभन्दा सुन्दर पक्ष त्यहाँ एक हप्ता काम गर्ने र एक हप्ता विदा हुन्थ्यो । त्यसले गर्दा महिनाको १५ दिन दीपकका लागि पर्याप्त समय थियो । मधेशका लागि काम गर्न त्यो भन्दा अरु उपयुक्त समय कुनै हुदैन्थ्यो ।

### तालिम दिन कतार गएपछि

सन् २००० देखि २०१८ सम्म त्यहाँ काम गर्नुभयो । अर्थात १८ वर्ष त्यो कम्पनीमा काम गर्नुभयो । सबै ठिकठाक चलिरहेको थियो । एकपटक कम्पनीले विदा नदिए पनि उहाँ स्वतन्त्र मधेश गठबन्धनको तर्फबाट तालिम दिनका लागि कतार पुग्नुभयो । उहाँ १२-१३ दिनपछि नेपाल फर्किनुभएको थियो । त्यो कम्पनीका डाइरेक्टरले उहाँलाई राजनीतिक रोज्ने कि कम्पनी भनि अप्सन दिनुभएको थियो ।

यो कम्पनीमा काम गरेपछि राजनीतिक गर्न पाइदैन, राजनीतिकभन्दा टाढा रहनुपर्छ भन्दै उहाँलाई राजनीतिक राज्ने कि कम्पनी भनि अप्सन दिएपछि उहाँले राजनीति नै रोज्नुभयो र त्यहाँबाट जागिर छाडेर हिड्नुभयो । दीपक साह भन्नुहुन्छ, ‘म कतार नगएको भए सायद जागिर छाड्नु पर्दैन्थ्यो । महिनामा १५ दिन विदा हुँदा मैले संगठनका काम मज्जाले गर्न पाइरहेका थिए त्यसमा कम्पनीको कुनै रोकटोक थिएन ।’ त्यतिबेला डाइरेक्टर हुनुहन्थ्यो शम्भु दाहाल, म्यानेजर विक्रम स्थापित र अजय सिंह हुनुहुन्थ्यो । दीपकलाई उहाँहरुको राम्रो सहयोग थियो । तर रोज्न नै भनेपछि आफूले मधेशका लागि राजनीति नै रोजेको उहाँले बताउनुभयो ।

स्वतन्त्र मधेश गठबन्धनमा लागेको कुरा प्रहरीले थाह पाइसकेको थियो । प्रहरीले भोटेकोशीका डाइरेक्टरलाई पत्र नै पठाएर दीपकलाई जागिरबाट हटाउन आग्रह गरिएको थियो । तर डाइरेक्टरले विदाको समयमा दीपकले के गर्नुहुन्छ थाह छैन तर ड्युटीको समयमा उहाँ आफ्नो कामसँग मात्र मतलब राख्नुहुन्छ । त्यसैले हटाउन मिल्दैन भनि जवाफ दिनुभएको थियो तर डाइरेक्टरले उहाँलाई बोलाएर सिके राउत र मधेश गठबन्धनसँगको सम्बन्धको बारेमा सोधपुछ गर्नुभएको थियो । सिके राउत भाइ हो, मेरो घरमा बस्छन्, मधेशको अधिकार र पहिचानका लागि संघर्षमा छन् त्यसैले उनलाई समान्य सहयोग गरेको जवाफ दीपकले त्यतिबला दिनुभएको थियो । त्यसबाट उहाँ कन्भिन्स हुनुभएको थियो । तर राजनीतिक तालिमका लागि उहाँ कतार गएपछि त्यतिबेला दीपकको ड्युटीको थियो हाइड्रो पावरको कम्पनीमा । त्यही भएर उहाँलाई जागिरबाट निस्किनु परेको थियो ।

त्यसपछि उहाँ माण्डु हाइड्रो पावर कम्पनी लिमिटेडमा जागिर पाउनुभयो । त्यहाँ दुई वर्ष काम गर्नुभयो । भोटेकोशी जस्तो सुविधा नभएपनि राजनीतिक गतिविधि गर्दा त्यति गाह्रो थिएन । त्यही भएर उहाँलाई काम गर्न त्यहाँ सजिलो थियो । तर त्यो भन्दा राम्रो प्राजेक्ट भएको कम्पनी म्याग्दीको मिस्त्री खोला हाइड्र इलेक्ट्रिकले बोलाए पछि उहाँले माण्डुलाई छाडेर मिस्त्री खोलामा जानुभयो । त्यहाँ पनि तीन वर्ष मात्र काम गर्नुभयो ।

त्यतिबेलासम्म स्वतन्त्र मधेश गठबन्धनबाट जनमत पार्टी बनिसकेको थियो । संसदीय चुनाव लडेर जनमत पार्टी संसदीय राजनीतिमा आएपछि पार्टीभित्र गतिविधि बढ्यो । काम गर्ने मान्छे चाहियो भनेर दीपक साहले जागिर छाडेर पार्टीमा फुलटाइम जस्तो काम गर्न थाल्नुभयो । अहिले पार्टीको उहाँ उपाध्यक्ष र अनुशासन समितिको प्रमुख हुनुहुन्छ । जनमत पार्टीका अध्यक्ष डा.सिके राउतका विश्वास पात्रको रुपमा पार्टीमा काम गरिरहनु भएका उहाँले राजनीतिबाट नै समाजलाई सेवा गर्ने उद्देश्य बनाउनु भएको छ ।

### सिकेसँग पहिलो भेट

दीपक २०५२ मा पुल्चोकमा इञ्जिनियरिङ अध्ययन गरिरहँदा त्यहाँ पशुपती खरगाको अध्यक्षतामा तराई विद्यार्थी नवजागरण संघ खोलिएको थियो । त्यसको कार्यसमितिको सदस्य बन्नुभयो उहाँ । सो संगठनबाट मधेशीको हितमा काम गर्न थाल्नुभयो । मधेशी विद्यार्थीको संरक्षण तथा क्याम्पससँग विद्यार्थीको हकहितका लागि काम गर्न थाल्नुभयो । क्याम्पसमा सरस्वतीको मन्दीर बनाउनका लागि शिलान्यास पनि गराउनुभयो । त्यसका लागि चन्दा पनि संकलन गर्न थाल्नुभयो ।

२०५३ सालमा उहाँ संघको सचिव बन्नुभयो । र २०५४ सालमा त्यसको अध्यक्ष नै बन्नुभयो । अध्यक्ष भएपछि उहाँले त्यहाँ मन्दिर निर्माण गर्नुभयो । संघको सदस्यता बाँड्न मधेशी विद्यार्थीहरुको डेराहरुमा जाँदा सिके राउतसँग पहिलो भेट भएको थियो । पाटनमा डेरा लिएर सिके राउत पुल्चोकमा ओभरसियर पढ्दै हुनुहुन्थ्यो । दीपकले सदस्यता लिन आग्रह गर्दा सिके राउतले आफूलाई यो राजनीतिसँग कुनै मतलब छैन, आफू यहाँ पढ्न आएको र त्यसबाहेक अरु केहीमा नलाग्ने भनि जवाफ दिएर फर्काउनु भएको थियो ।

त्यसको केही दिनमै सिके राउतले स्कलरसीपमा नाम निकाल्नुभयो तर नाम लेखाउनका लागि उहाँसँग पैसा थिएन । त्यतिबेला साढे आठ हजार रुपियाँ लाग्थ्यो । त्यो कुरा दीपकले थाह पाउनुभयो । तर त्यतिबेला दीपकसँग पनि पैसा थिएन अनि उहाँले कुञ्जीलाल यादवसहित अरुअरु मधेशी प्रोफेसर तथा शिक्षकसँग चन्दा मागेर ८६ सय रुपियाँ सिके राउतलाई अर्को दिन साँझमा जानुभएको थियो ।

तर सिके राउतले लिन मान्नुभएको थिएन । अर्को वर्ष नाम लेखाउने तर अरुको पैसा नलिने भनि अडानमा बसे । त्यसपछि दीपकले भन्नुभएको थियो, ‘हेर भाइ तिमी आफ्नो लागि नभए पनि मधेशी समाजका लागि पढ्नुपर्छ, तिमी पढेपछि मधेशी समुदायलाई फाइदा हुन्छ त्यसैले तिमी पढ्नुपर्छ यो पैसा लेउ र नाम लेखाउनु ।’ सिके राउतले त्यही पैसा लिएर नाम लेखाएर पढ्न थाल्नुभयो । केही दिनमा दीपकको त्यो पैसा फिर्ता पनि दिनुभयो उहाँले ।

दीपकले त्यसरी सहयोग गरेपछि सिके राउत उहाँको फ्यान हुनुभयो । दीपकले बोलाएको ठाउँमा जानुहुन्थ्यो । कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । मधेशीको हकहितमा बोल्नुहुन्थ्यो तर दीपक जतिको सक्रिय उहाँ हुनुभएको थिएन । सामाजिक कामभन्दा बढी उहाँले पढाईमा ध्यान दिनुभएको थियो । पढाई बिग्रिन्छ कि भनि उहाँलाई २४ घण्टा चिन्ता हुन्थ्यो ।

### मधेशीका लागि कोचिङ

२०५६ मा इञ्जिनियरिङ पास गरेपछि दीपकले जागिर सुरु गर्नुभयो । तर जागिरमा गएपनि उहाँले मधेशीको हकहितका लागि काम गर्न कहिले छाड्नुभएन । सामाजिक सेवामा सक्रिय हुनुभयो । स्कुलहरुमा गएर इन्ट्रासका तयारी कक्षाहरु चलाउनु हुन्थ्यो । विद्यार्थीहरुको बीचमा विभिन्न कार्यक्रमहरु चलाउनुहुन्थ्यो । यी कामहरु गर्दै गर्दा उहाँलाई मधेशी इञ्जियरहरुको एउटा संगठन बनाएर मधेशका लागि केही गर्ने सोच आयो ।

त्यसको सुरुवात उहाँले कोचिङ सेन्टरबाट सुरु गर्नुभएको थियो । कोचिङ सेन्टर खोल्नका लागि उहाँले आफ्नो बुवासँग १२ हजार रुपियाँ लिनुभएको थियो । कुपण्डोलमा इञ्जिनियरिङ साइन्स एकेडेमी (इसा) नामको कोचिङ सेन्टर खोल्नुभयो । त्यहाँ पढाईका साथै मधेशीहरुको जमघट हुने ठाउँ बन्यो । मधेशको अधिकार र पहिचानका लागि के गर्ने, कस्तो गर्ने भनि विचार विमर्श हुन्थ्यो त्यहाँ । मधेशीहरुको बीचमा भेटघाटका लागि एउटा राम्रो थलो बनेको थियो त्यो ।

जुन मधेशीलाई जागिरको अभाव हुन्थ्यो । त्यहाँ कोचिङमा पढाउने अवसर दिनुहुन्थ्यो दीपकले । कोचिङ पनि राम्रै चलिरहेको थियो । उहाँ आफै जागिरमा भएको कारण आफूले त्यहाँ पढाउनु हुन्थेन । तर शिक्षक राखेर विद्यार्थीहरुलाई पढाउने काम गर्नुहुन्थ्यो । तर त्यो भन्दा बढी मधेशका भाषा, संस्कृति, अधिकार र पहिचानलगायका विषयमा कुराकानी हुन्थ्यो त्यहाँ । वसन्त कुशवाहा, धुपेन्द्र झा, अजय झालगायतसँग त्यही चिनजान भएको थियो । उहाँहरु पनि मधेश मिसनसँग जोडिनुभयो ।

धिरेन्द्र प्रेमर्षी, धर्मेन्द्र झाहरुले भाषाका लागि गर्ने संघर्षमा दीपकहरुले पनि साथ दिनुहुन्थ्यो । सोही जमघटबाट तुलानारायण साहको अध्यक्षतामा मधेशी इञ्जिनियरिङ समाज गठन भयो । त्यसको सदस्य दीपक साह पनि हुनुभयो । त्यसपछि सोही समाजका मार्फत मधेशका लागि गतिविधि हुन थाल्यो । उहाँहरुले २०५८ सालमा अंग्रेजी भाषामा साइन्स एक्सपोलर नामको पत्रिका निकाल्नुभयो । त्यसको सम्पादक दीपक साह आफै हुनुभयो भने सिके राउत सह सम्पादक हुनुभयो ।

तर तीन चार अंकभन्दा बढी पत्रिका निस्किन सकेन । आर्थिक अभावका कारण पत्रिका बन्द भएको थियो । पत्रिका बन्द भएपछि दीपक साहहरु सामाजिक काममा व्यस्त हुनुभयो । सन् २००२ मा सिके राउत पढ्नका लागि स्कलरसीपमा विदेश जानुभयो । अध्ययनका लागि विदेशमा भएपनि उहाँले त्यहाँबाट मधेशका बारेमा निकै चिन्ता गर्नुहुन्थ्यो । नेपालगञ्ज घटना भएपछि उहाँले त्यहाँका घाइतहरुको उपचारका लीग जपानबाट पैसा पठाउनु भएको थियो । दीपकलाई पठाएको सो पैसाले घाइतेको उपचार भएको थियो ।

नेपालगञ्जमा भएको घटनाको बारेमा बनेको भिडियोलगायत अन्य सामग्री दीपकले सिके राउतलाई पठाइ दिनुभएको थियो । सिके राउतले त्यहाँ मधेशीअनलाइन डट कम खोलेर ती भिडियो र अन्य सामाग्री राख्नुभएको थियो । त्यतिबेला त्यसको निकै चर्चा भएको थियो । सिके राउतले मधेश आन्दोलनका लागि दीपकमार्फत विभिन्न सहयोगहरु पठाउनुहुन्थ्यो । घाइतेको उपचारका लागि रकमहरु पठाउनु हुन्थ्यो । केही समयपछि इजोत प्रोग्राम पनि सुरु गर्नुभएको थियो । ४-५ वर्ष इजोत चल्यो । त्यसमार्फत मधेशका विभिन्न समाजिक कामहरु सिके राउत र दीपकले मिलेर गर्नुभएको थियो । त्यतिबेला सिके राउत अमेरिकामा हुनुहुन्थ्यो ।

सन् २०१० मा दीपक साह र सिके राउतले मिलेर गैर अवासीय मधेशी संघमार्फत गैर-आवसीय मधेशी संघको नाममा “मधेशको विकासमा एनजीओ र आईएनजीओको भूमिका’ का लागी २ दिने कार्यक्रमका लागी दीपकको नेतृत्वमा नेपालमा ६ महिना लगाएर तैयारी गरिएको थियो । ब्यवस्थापनमा धुपेन्द्र झा, धिरेन्द्र कुमार साह, नरेन्द्र पासवान पनि हुनुहुन्थ्यो । २०६८ कात्तिक २८-२९ गते सम्न्न कार्यक्रमको अध्यक्षता गैर-आवसीय मधेशी संघको संस्थापक अध्यक्ष सिके राउतले गर्नु भएको थियो ।

### स्वतन्त्र मधेश गठनबन्धन

त्यो कार्यक्रममा सिके राउतको पहिलो सार्वजनिक उपस्थिति थियो । त्यो कार्यक्रमबाट उत्साहित भएर दीपक र सिके राउतले मिलेर मधेश इन्सेटिभ नामको संस्था दर्ता गराउनुभयो । त्यसको अध्यक्ष सिके राउत हुनुहुन्थ्यो । दीपक सचिव हुनुहुन्थ्यो । केही समय त्यो संस्था चलाउनुभयो । तर एनजीयोबाट मधेशलाई परिवर्तन गर्न सकिदैन भनि बुझेर उहाँहरुले २०६९ जेठ ८ गते मधेश मेडिया हाउसबाट स्वतन्त्र मधेश गठनबन्धनको घोषणा गर्नुभयो ।

त्यो घोषणका लागि बनाइउको घोषणापत्र छपाउन प्रेसमा जाँदा नछापेपछि दीपक साह लिखित रुपमा यो छापेपछि केही भयो भने त्यसको जिम्मा आफूले लिने भनेपछि मात्र प्रेसले छापेको थियो । दीपक भन्नुहुन्छ, ‘त्यो दिन मैले आफ्नो जीवनसँग माया मारेको जस्तो फिल भएको भएको थियो ।’ दुई महिनापछि पर्चा पम्पलेट र घोषणापत्र लिएर दीपक साह आफ्नो गृह जिल्ला सुनसरी जानुभयो । त्यहाँ रघुनाथ ठाकुर, देवराम मधेशी जस्ता व्यक्तिसँग दीपकको भेट भयो ।

उहाँहरु पनि स्वतन्त्र मधेशको अभियानमा लाग्नुभएको थियो । घोषणपत्र र पम्पलेट हेर्दा उहाँहरु निकै खुशी हुनुभएको थियो । यो अभियानमा पुरा समर्थन रहने उहाँहरुले प्रतिवद्धता जनाउनुभएको

बाँकी पृष्ठ १२ मा

# ‘मिल्क होलिडे’ त्रास

नेपालमा यतिखेर दैनिक तीन लाख लिटरभन्दा बढी दुध अधिक भएको छ । बढी दुध भएको कारण डेरी उद्योगीले मिल्क होलिडे गर्ने कि भनि सोचि रहेका छन् । केही समयसम्म दुधको अभाव झेल्दै आइरहेका डेरी उद्योगीसँग अहिले कच्चा दुध मात्र होइन, धुलो दुध, बटर, घिउलगायत अन्य दुग्धजन्य पदार्थको मौज्दात अत्याधिक भएको छ । त्यसलाई कसरी खपत गर्ने चिन्ताले डेरी उद्योगीहरुले मिल्क होलिडे गर्ने कि तयारीमा लागेका छन् ।

तर कृषि तथा पशुपन्छी विकास मन्त्री डा.बेदुराम भुसालले मिल्क होलिडे नगर्न डेरी उद्योगीहरुलाई आग्रह गर्नुभएको छ । डेरी उद्योगी तथा किसानका प्रतिनिधिहरुसँग साउन ३१ गते छलफल गर्दै मन्त्री भुसालले दुधको खपत बढाउन र मिल्क होलिडे नगर्न आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, ‘कसरी हुन्छ दुधको खपत बढाउनुस् तर मिल्क होलिडे नगर्नुस् ।’

यता, डेरी उद्योगीहरुको छाता संगठन नेपाल डेरी एशोसिएशन र डेरी उद्योग संघले संयुक्त रुपमा विज्ञप्ति जारी गरी किसानलाई मर्का पर्न नदिने गरि सरकारले तोकिएको न्युनतम समर्थन मूल्यको आधारमा नियमित रुपमा दुध खरिद गर्न सरोकारबालाहरुले डेरी उद्योगीहरुलाई आग्रह गरेका छन् । दुध बढी भएको यो अवस्थामा ‘मिल्क होलिडे’ हुन नदिई स्वदेशी ग्रामीण कृषकबाट उत्पादित दुध नियमित रुपमा खरिद गर्न आग्रह गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ, ‘सरकारले गत फागुन १९ गते प्रति लिटर चार प्रतिशत फ्याट र आठ प्रतिशत एस. एन. एफ. मा कायम भएको न्युनतम् सर्मथन मूल्य भन्दा तल नगई सबै उद्योगले आफूलाई आवश्यक भन्दा बढी दूध समेत संकलन गरी बाँच र बचाउको नीति अवलम्बन गरी दूधको उत्पादन वृद्धिमा लागेका ग्रामिण कृषकहरुको आत्मबल उच्च बनाई राख्न सबै सरोकारवाला डेरी उद्योगहरुमा हार्दिक अनुरोध गरिन्छ ।’

आर्थिक मन्दीका कारण दुध तथा दुग्धजन्य पदार्थको खपत दिन दिनै घट्दै गएको उल्लेख गर्दै ती संगठनहरुले दुध खपत नभएका कारण ठूलो परिमाणमा धुलो दुध र मख्खनको मौज्दात रहेको बताएका छन् । अहिले दूधको उत्पादन कमि हुने (लिन सिजन)मा पनि देशभर दुधको उत्पादन र उपलब्धता ह्वात्तै बढेका कारण मूल्य श्रृङ्खलामा माग र आपूर्तिको समन्वय हुन नसक्दा दुध व्यवस्थापनमा समस्या भएको नेपाल डेरी एशोसिएशनका अध्यक्ष प्रल्हाद दाहालले जानकारी गराउनु भएको छ ।

डेरी उद्योगीसँग धुलो दुध, मख्खनलगायतका दुग्ध पदार्थ पर्याप्त मौज्दात छन्, राख्ने ठाउँ पनि छैन त्यसैले दुध गरिद गरेर धुलो दुध बनाउने अवस्था नरहेको बताउँदै उहाँले दुध खपत कम भएको कारण किसानबाट सबै दुध खरिद गर्न निकै गाह्रो भइरहेको बताउनुभयो । गाह्रो भए पनि उद्योगीहरुलाई नियमित रुपमा दुध खरिद गर्न आग्रह गर्दै आएको उहाँले बताउनुभयो ।

डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहालले भन्नुभयो, ‘एक त अनौपचारिक क्षेत्रले दुध खरिद गर्न छाडेपछि औपचारिक क्षेत्रमा दुध फालाफाल भएको छ यही बोला भारतबाट लुकिछिपी दुध तथा दुग्ध पदार्थ पनि नेपाल आउन थालेपछि झन समस्या भइरहको छ ।’ भारतबाट दुध तथा दुग्धजन्य पदार्थ भइरहेको चोरी निकासीलाई सरकारले तत्काल रोक्नुपर्ने कुरामा जोड दिँदै ती संगठनहरुले भारतबाट चोरी पैठारी भइ आउने दुधलाई रोक्न सकिएन भने नेपालमा देखिएको दुधको समस्यालाई समाधान गर्न गाह्रो हुने जनाएको छ । साथै देश भरि नै फैलिएको लम्पी स्किन रोगका कारण किसानको अरबौंको क्षति भोग्नु परेकोले यसको रोकथाम गर्न पनि उनीहरुले सरकारसँग माग गरेका छन् ।

# मधेश प्रदेशमा २५ प्रतिशत कम रोपाइँ

साउन सके पनि ८७ प्रतिशत रोपाई मात्र भएको छ । गत वर्ष यतिबेलासम्म ९४ प्रतिशत रोपाइँ भइसकेको थियो । अर्थात गत वर्षको तुलनामा हालसम्म ७ प्रतिशत कम रोपाइँ भएको छ ।

कृषि विभागका अनुसार १४ लाख ८८ हजार ४९ हेक्टरमा धान खेती हुन्छन् । त्यसमध्ये साउन २८ गतेसम्म १२ लाख ९१ हजार ९६८ हेक्टरमा रोपाइँ भएको छ । सात वटै प्रदेशमध्ये सबभन्दा कम रोपाइँ मधेश प्रदेशमा भएको छ । अन्नभण्डारको रुपमा चिनिएको मधेश प्रदेशमा ६८ प्रतिशत रोपाइँ मात्र भएको छ ।

मधेशमा गत वर्ष यतिबेला ९३ प्रतिशत रोपाइँ भइसकेको थियो । अर्थात गत वर्षको तुलनामा मधेशमा २५ प्रतिशत कम रोपाई भएको कृषि तथा पशुपन्छी विकासव मन्त्रालयले जनाएको छ । मधेश प्रदेशमा चार लाख एक हजार ६५० हेक्टरमा धान खेती हुन्छन् । त्यसमध्ये हालसम्म दुई लाख ७१ हजार ५८९ हेक्टरमा मात्र रोपाइँ भएको मन्त्रालयले जनाएको छ ।

मधेशमा मनसुन ढिलो भएको कारण धान रोपाईमा कमी आएको विभागले जनाएको छ । कृषि विभागका महानिर्देशक डा.हरिबहादुर केसीले भन्नुभयो, ‘देशभर मनसुन सक्रिय हुँदा पनि मधेशमा अलि ढिलो सुरु भयो, त्यहाँ पानी धेरै कम पर्‍यो, त्यसले रोपाईमा कमी आएको हो ।’ अहिले पनि पर्याप्त पानी नपरेको कारण रोपाइँ प्रभावित भएको हो । यो महिनाभर धान रोपाई हुन्छ, अन्तिमसम्म रोपाईको क्षेत्रफल बढ्ने अनुमान गरिएको उहाँले बताउनुभयो । हालसम्म सबभन्दा बढी रोपाइँ सुदुरपश्चिम प्रदेशमा भएको छ ।

सुदूपश्चिम प्रदेशमा ९९ प्रतिशत रोपाइँ भइसकेको छ । यो प्रदेशमा एक लाख ७७ हजार हेक्टरमा रोपाइँ हुन्छ, त्यसमध्ये एकलाख ७६ हजार हेक्टरमा रोपाई भएको छ । त्यहाँ लगभग रोपाइँ सम्पन्न नै भएको रिर्पोटिङ भएको विभागले जनाएको छ । कर्णाली प्रदेशमा ९८ प्रतिशत रोपाइँ भएको छ । गत वर्ष यतिबेला ९९ प्रतिशत रोपाइँ भएको थियो । कर्णालीमा ४५ हजार ३८७ हेक्टरमध्ये ४४ हजार ५०५ हेक्टरमा रोपाइँ भएको छ ।

लुम्बिनी प्रदेशमा ९३ प्रतिशत रोपाइँ भएको छ । गत वर्षभन्दा बढी रोपाई भएको विभागले जनाएको छ । तीन लाख ११ हजार हेक्टरमध्ये दुई लाख ८८ हजार हेक्टरमा रोपाइँ भएको छ । गण्डकी प्रदेशमा ९३ प्रतिशत रोपाइँ भएको छ । यो प्रदेशमा ९७ हजार ८५१ हेक्टरमध्ये ९० हजार ९३६ हेक्टरमा रोपाइँ सकिएको छ ।

बागमती प्रदेशमा ८८ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्ष यतिबेलासम्म ९७ प्रतिशत रोपाइँ भएको थियो । यो प्रदेशमा एक लाख १३ हजार ५२३ हेक्टरमध्ये ९९ हजार ८२१ हेक्टरमा रोपाइँ भएको छ ।

# कृषिका लागि नार्क र चीनबीच सम्झौता

नेपाल र चीनबीच कृषिसँग सम्बन्धित प्रविधि विकास तथा सीपको आदान-प्रदान गर्ने समझदारी भएको छ । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र चीनको सिचुवान एकेडमी अफ एग्रिकल्चर साइन्स (सास) का बीचमा सहमति भएको हो । नार्कका कार्यकारी निर्देशक डा ध्रुवराज भट्टराई र सासका उपाध्यक्ष डा लेओ योङहङबीच प्रविधि विकास र सीप आदान-प्रदान गर्न समझदारी भएको हो । दुई देशका कृषक एवं कृषिको विकासका लागि विकास गरिएका प्रविधि प्रदर्शन, हस्तानान्तरण तथा प्रवर्द्धन गरिने छ ।

यही सम्बन्धमा खुमलटारस्थित नार्कको केन्द्रीय कार्यायलमा नार्क र सासको उच्चस्तरीय प्रतिनिधिमण्डलका बीचमा भेटघाट एवं छलफल भएको नार्कका कार्यकारी निर्देशक डा भट्टराईले जानकारी दिनुभयो । सो सहमति अनुसार चीनले पाँच जना वैज्ञानिकलाई अध्ययनका लागि लैजाने भएको छ । चीनबाट पत्र आइसकेको छ, वैज्ञानिक छनौट गर्ने काम भइरहेको उहाँले बताउनुभयो । “एकअर्काको अनुसन्धानका बारेमा बुझ्दै कृषि क्षेत्रको विकासबारे छलफल गरेर गुणस्तरीय उत्पादन बढाउँदै जाने विषयमा समझदारी भएको छ”, उहाँले भन्नुभयो ।

सोही क्रममा सासका उपाध्यक्ष डा लेओले नेपाली अनुसन्धानकर्ता र प्राविधिकलाई उच्चस्तरीय कृषि प्रविधि सम्बन्धि तालिम प्रदान गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नेपाली अनुसन्धानकर्तालाई चाँडै नै चीन लगेर मकै र सखरखण्डको उत्पादनका साथै प्रविधिको बारेमा तालिम दिइने उहाँले बताउनुभयो ।




कृषकवर्गहरुलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं ।

साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नुहुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

# को हुन् दीपक साह...

थियो । मधेशका केही जिल्लामा घुमघाम भयो । स्वतन्त्र मधेशको नाममा कोही पनि जोडिन चाहनु भएको थिएन ।

**पहिलो बैठक वीरगञ्जमा**

मधेशमा एउटा बैठक गरौं भनि सिके राउतको चाहना थियो तर मान्छे नै नभएपछि कसरी बैठक गर्ने भनि चिन्ता दीपकलाई थियो । देव राम मधेशी, अधिवक्ता दिपेन्द्र झा, चन्दन सिंह, नरेन्द्र पासवान, नरेन्द्र प्रसाद चौधरीको सहयोगमा हरेक जिल्लामा सम्पर्क व्यक्तिको नाम र फोन संकलन गरी डा. राउत को लागी मिटिङ आयोजना गरिएको थियो ।

वीरगञ्जको एउटा होटेलमा कार्यक्रम गर्ने तयारी भयो । त्यहाँ जम्मा १३ जना भेला भएको थियो । त्यो १३ जना जोड्नका लागि दीपकलाई तीन महिना लागेको थियो । तैपनि दीपकले हरेश खानुभएन । दोस्रो कार्यक्रम रौतहटस्थित अशोक सिंहको घरमा भएको थियो ।

मधेशका जिल्लाहरुमा ठाउँ ठाउँमा मान्छे भेट्दै कार्यक्रमहरु गर्ने काम दीपक र सिके राउतले गर्न थाल्नुभयो । सिके राउतले भाषण दिन थालेपछि मान्छेको आकर्षण बढ्न थाल्यो । मधेशी जनतालाई सिके राउतले कन्भिन्स गर्न थाल्नुभयो । यसैगरि एक वर्षसम्म कार्यक्रमहरु चल्यो । त्यसपछि अब्दुल खान र चन्दन सिंह जोडिनुभयो । चार जना भएपछि कार्यक्रम गर्न, मान्छे भेला गर्न सजिलो भयो ।

२०७० पुसमा राधाकृष्ण धर्मशाला, काठमाडौंमा नेतृत्वको प्रशिक्षण भएको थियो । हरेक जिल्लामा गई प्रशिक्षण दिने काम दीपक र सिके राउतले गर्नुभएको थियो । दीपक साह भन्नुहुन्छ, 'घरमा एकएक जना बोलाएर होस्, कोई विदेशबाट आउँदा होटल गएर होस् । दुबईबाट डा.रबिन्द्र यादव आउँदा उहाँ बसेको होटलमा गएर ४ घण्टा प्रशिक्षण दिईएको थियो ।'

आन्दोलन शुरु भए पछि काठमाडौंमा सञ्चालनमा रहेका दीपकको ईलेक्ट्रिकल होलसेलको व्यापार बन्द भयो । त्यसमा पनि दीपक सन्तुष्ट हुनुहुन्थ्यो । उहाँले कार्यक्रम गर्न छाड्नु भएन । सिके राउतको सपोर्टिङका लागि जिल्ला जिल्ला पुग्नुहुन्थ्यो कार्यक्रमका तयारी गर्नुहुन्थ्यो । सिके राउतलाई बोल्न लगाउनु हुन्थ्यो ।

सिके राउतका लागि जिल्ला जिल्लामा कार्यक्रमहरु हुन थालेपछि गठबन्धनको चर्चा सुरु भएको थियो तर त्यतिबेलासम्म प्रहरी प्रशासनले वास्ता गरिरहेका थिएनन् । थोरै मान्छे हुन्थ्यो, मधेशको अधिकार र पहिचानको कुरा हुन्थ्यो । स्वतन्त्र मधेश बनाउने कुरा पनि हुन्थ्यो तैपनि प्रहरीहरुले ध्यान दिन सकेन । २०७१ सालमा कपिलवस्तुमा कार्यक्रम हुँदा त्यहाँ थुप्रै मधेशी युवा भेला भए । त्यो भेला देखेर प्रहरी पनि आश्चर्यमा पर्‍यो ।

त्यसपछि मधेश गठबन्धनमाथि प्रहरीको निगरानी बढ्यो । विराटनगरको आमटोलमा भएको कार्यक्रम सकाएर फर्किने बेलामा प्रहरीले सिके राउतलाई पक्राउ गर्‍यो । २०७१ भदौ २८ गते पक्राउ परेपछि राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा खबर गर्ने, समन्वय गर्ने काम दीपकले गर्नुभएको थियो । सिके राउतको त्यो पहिलो गिरफ्तारी थियो । सिके राउत गिरफ्तार भएपनि दीपक साहले मिसनलाई टुट्न दिनुभएन ।

सिके राउतको ब्याकअपको रुपमा दीपकले काम गर्नुहुन्थ्यो । जागिरमा रहेको कारणले त्यति खुलेर बाहिर आइरहनु भएको थिएन । भित्रभित्रै संगठनका लागि काम गरिरहनु भएको थियो । २०७१ मंसिर ८ गते जेलबाट रिहा भएपछि दीपकले सिके राउतलाई भोटाहिटीको एउटा होटलमा लगेर राख्नुभयो तर त्यहाँ पनि प्रहरी सादा पोसाकमा पुगेका थिए र एउटा कोठा लिएर बसेका थिए । त्यो कुरा दीपकले थाह पाएपछि राता रात त्यहाँबाट सिके राउतलाई निकालेर अन्यत्र राख्नुभएको थियो ।

**दीपकको पहिलो गिरफ्तारी**

त्यसको भोलीपल्ट त प्रहरीले दीपक साहलाई नै गौशालाबाट गिरफ्तार गरेको थियो । अपहरण शैलीमा गिरफ्तार गरी उहाँलाई हनुमान ढोकामा राखिएको थियो । कोही खोज्न जाँदा दीपकलाई गिरफ्ता नगरिएको, यहाँ छैन भनेर प्रहरीले फर्काइ दिन्थ्यो । दुई तीन दिनपछि बीपी साह हनुमानढोका पुग्नुभएको थियो । संयोगले कतैबाट उहाँले दीपकलाई देखेपछि फोटो खिचेर पत्रिकामा समाचार नै बनाई दिनुभयो । त्यसपछि प्रहरीले दीपकलाई रिहा गरेको थियो ।

दोस्रो गिरफ्तारी उहाँको नवलपरासीमा भएको थियो । २०७४ सालमा त्यहाँ तालिम दिइरहेको अवस्थामा गिरफ्तार गरिएको थियो तर समातेकै दिन साँझमा उहाँलाई छाडिएको थियो । यसरी पटक पटक गिरफ्तार हुन थालेपछि घरमा आमा-बुवालाई चिन्ता हुनथाल्यो । स्वतन्त्र मधेश गठबन्धनमा काम नगर्न उहाँका आमा-बुवाले भन्नुहुन्थ्यो । तर विभिन्न कुराहरु भनेर उहाँहरुलाई दीपकले सम्झाउनु हुन्थ्यो । कहिले काही सिके राउतले समेत सम्झाउनु हुन्थ्यो ।

श्रीमती शारदा सुमनलाई दीपकले गरिरहनु भएका राजनीतिक फिटिक्कै मन परिरहेको थिएन । २४ घण्टा मनमा एउटा डर, प्रहरी प्रशासनले कतिखेर समातेर के गर्छन् त्यो कुराको भय पनि थियो । त्यही भएर दीपकका श्रीमतीले राजनीति छाड्न पटक पटक दवाव दिइरहनु हुन्थ्यो । पछि दीपकको कुराबाट उहाँ पनि कन्भिन्स हुनुभएको थियो । राजनीतिमा पढे लेखेका मान्छे आएन भने मधेशलाई मुक्ति दिलाउन असम्भव रहेको धारणा दीपकको थियो । आफ्नो अधिकार र पहिचानका लागि आफै लड्नु पर्छ भनि मधेशभर जागरण फैलाउन थाल्नुभयो । एक एक मान्छे जोड्न थाल्नुभयो । दीपक भन्नुहुन्छ, 'जति जति स्वतन्त्र मधेश गठबन्धनको आकार बढ्दै थियो त्यतिकै मात्रामा दुश्मन पनि जन्म लिइरहेको थियो । गठबन्धनका नेता तथा कार्यकर्ता जही भेट्थ्यो त्यही गिरफ्तार गर्थ्यो ।'

गठबन्धनप्रति राज्यको ज्यादती बढ्न थाल्यो । सिके राउतलाई नै पटक पटक गिरफ्तार गर्‍यो प्रहरीले । अदालतले पनि बिना प्रमाण भटाभट निर्णयहरु गर्न थाल्यो । धरौटी पनि यति महँगो गर्न थाल्यो कि त्यो तिर्न पनि गाह्रो हुनेभयो । गठबन्धनका नेताहरुलाई इन्काउन्टरसम्मको योजना राज्यले बनाएको खबर दीपक साहसम्म आएको थियो । दीपक साह भन्नुहुन्छ, 'जब कि हामीले मानवीय क्षतिबिना नै स्वतन्त्र मधेश बनाउने योजना थियो । शान्तिपूर्ण आन्दोलन गरेर पनि युद्ध जित्न सकिन्छ भनि प्रमाण हामी दिन चाहेका थियौं त्यही अनुसारको तालिम हामीले आफ्ना कार्यकर्ता तथा नेतालाई सिके राउतले दिनुहुन्थ्यो ।'

तर राज्य हिंसात्मक हुँदै गइरहेको थियो । त्यसपछि यो मिसनलाई बचाउनुपर्छ, मधेश गठबन्धनलाई बचाउनु पर्छ भनि सेफल्याण्डिङको उपाय खोज्न थालेको दीपक बताउनु हुन्छ । सिके राउत ६ महिनादेखि जेलमा हुनुहुन्थ्यो । बाहिर अन्य नेता तथा कार्यकर्ताहरुलाई पनि प्रहरीले धमाधम गिरफ्ता गर्न थाले । एक किसिमले राज्यको आतङ्क नै सुरु भएको दीपक बताउनुहुन्छ । स्वतन्त्र मधेश गठबन्धन अस्तित्व रहने गरि राज्यसँग वार्ता गरेर कसरी मुलधारको राजनीतिमा आउनसकिन्छ भनि उपाय खोज्दै जाँदा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट भएको दीपक साह भन्नुहुन्छ ।

तत्कालिन प्रधानमन्त्री ओलीले पनि विद्रोही समूहहरुसँग वार्ता गरेर मुलधारको राजनीति ल्याउने योजना बनाउनु भएको थियो । कुराकानी सुर भयो । स्वतन्त्र मधेश गठबन्धनसँग ११ बुँदे सहमति भयो । दीपकले भन्नुभयो, 'धेरै जानालाई यो कुरा थाह छैन कि ११ बुँदे सम्झौता हुनुभन्दा पाँच छ महिना अगाडि नै गठबन्धनका केही शीर्ष नेताहरुको बीचमा एउटा पार्टी बनाउने र चुनावमा जाने योजना बनेको थियो । त्यो कुरा कसैले बाहिर ल्याएका थिएनन् ।

गठबन्धन हुँदा पनि जनमत संग्रह गरेर छुट्टै मधेश बनाउने कि अरु कुनै मोडेलमा जाने निर्णय भनि मिसन थियो । सरकारसँग भएको सम्झौतामा जनमत संग्रह उल्लेख छ । दीपक भन्नुहुन्छ, 'सम्झौतामा छ भने जनमत संग्रह गराउन दिनुपर्छ हामी आशावादी छौं कि आज भएन भने अरु कुनै दिन हुन्छ तर अवश्य हुन्छ ।'

**जनमतका उपाध्यक्ष**

जनमत पार्टीको चौथो वरियताको उपाध्यक्ष हुनुहुन्छ दीपक साह । उहाँ भन्नुहुन्छ, 'म पदको पछाडि जाने मान्छे होइन, रिजल्ट निकाल्ने पक्षका मान्छे हौं ।' सिके राउतसँग सुरुदेखि मधेशका लागि जोडिनु भएका दीपक साह जनतामा त्यति मिल्नुभएको छैन । सरकारी जागिरका साथ गठबन्धनमा जोडिएको कारण खुलेर जनताको सम्पर्कमा उहाँ जान चाहनु भएन तर भित्रैभित्रै सिके राउतको एक नम्बरको सहयोगी दीपक साह नै हुनुहुन्थ्यो ।

पार्टीको महाधिवेशनमा दीपक साहले उपाध्यक्षका लाीग चुनाव भएको थियो । त्यसमा एक नम्बरको मत सिके राउत, दुई नम्बरको मत अब्दुल खान, तीन नम्बरको मत वसन्त कुशावाहा र चार नम्बरको मत दीपकले ल्याउनुभएको थियो । त्यही भएर वरियताको चौथो नम्बरमा उहाँ हुनुहुन्छ । दीपक भन्नुहुन्छ, 'म जनताको बीचमा त्यति जान पाइनन्, सिके जीको कार्यक्रमको तयारी गर्थे, सबै कुराको आइरेन्ज गर्थे तर जनतासँग घुममिल गर्न नै पाउदैन्थे त्यसैको परिणाम महाधिवेशनमा देखिएको हो ।'

आफू अझै चुनावको राजनीति नगर्ने पक्षमा रहेको बताउँदै दीपक साहले भन्नुभयो, यदि पार्टीलाई मेरो आवश्यकता पर्‍यो भने चुनावी राजनीतिमा ल्याउन सक्छ तर मैले आफै अहिले आवश्यकता महसुस गरेको छैन ।' पार्टीमा पछि पछि आउनेहरु कहाँबाट कहाँ पुगि सके तर दीपक जहाँको त्यही छ भन्नेहरु धेरै छन् तर दीपकलाई यो सबसँग सरोकार छैन ।

सिके राउतलाई भक्तपुरस्थित आफ्नो घरमा राखेर राजनीतिमा ल्याउने दीपक साह लो प्रोफाइलमै रहेर मधेशका लागि केही गर्ने सोच बनाउनु भएको छ । सिके राउत काठमाडौं हुँदासम्म दीपककै घरमा बस्नुहुन्थ्यो । गठबन्धनका हरेक योजना त्यही घरबाट बनेको थियो । पछि जनमतका योजना पनि त्यही बन्यो । उहाँले भन्नुभयो, 'पार्टीले मेरो आवश्यकता नै देखेर जागिर छोड्न लगाएर राजनीतिमा सक्रिय गराएको हो, पार्टीमा महत्वपूर्ण जिम्मेवारी दिएर मधेशमा पठाएको हो । त्यो कर्तव्य म पुरा गर्छु ।'

**परिवार**

बुवा मदन लाल र आमा रेखादवी साहका जेठो सन्ता दीपक साहका एक वहिनी र दुई जना भाइ छन् । वहिनी राधाकुमारीको विहे भइसकेको छ भने भाइ पंकज साह गाउँमा खेती किसानी गर्नुहुन्छ भने अर्का भाइ विरेन्द्र कुमार साह लहानको एउटा स्पतालमा जागिर गरिरहनु भएको छ ।

दीपकको विवाह भारत फर्विसगञ्जका शारदा सुमनसँग भएको हो । उहाँका एउटा छोरी मञ्जिता साह ११ मा पढिरहेकी छन् भने छोरा सानिध्य पाँच कक्षामा पढी रहेका छन् ।

**आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि दै निक धुले ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार